प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १८९ | काठमाडौं | शुक्रबार, २० कात्तिक २०८३ | Prabhab National Daily | Friday, 06 November 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

एलपी ग्यास उद्योग मर्ज भए उपभोक्तालाई सहज

उद्योग एकआपसमा गाभिएमा स्रोतसाधनको एकीकृत प्रयोग गर्न सकिनेछ । यसले उद्योगको सञ्चालन लागत घटाउनुका साथै व्यवसायलाई थप व्यवस्थित र प्रतिस्पर्धी बनाउन सहयोग पुऱ्याउन सक्छ ।

मनोज ठाकुर
प्रवक्ता, नेपाल आयल निगम



■ जेबी योञ्जन

काठमाडौं– एलपी ग्यास उद्योगहरू एकआपसमा गाभ्ने सरकारी प्रस्ताव कार्यान्वयन भए उपभोक्तादेखि उद्योगी र सरकारसम्मलाई फाइदा पुग्ने देखिएको छ ।

उद्योगहरूको संख्या र ब्रान्ड घट्दा ग्यासको आपूर्ति प्रणाली व्यवस्थित हुनुका साथै सिलिन्डर साटासाट, व्यवस्थापन खर्च र गुणस्तर नियन्त्रणमा समेत सहजता आउने देखिएको हो ।

नेपाल आयल निगमले चालु आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममा समेटेर एलपी ग्यास उद्योगहरूलाई मर्जरमा जान प्रोत्साहन गरिरहेको छ । निगमले विभिन्न नाम र ब्रान्डमा सञ्चालित उद्योगहरू एकापसमा गाभिएर उपभोक्ताको हित प्रवर्द्धन गर्न सकिने विश्वास लिएको छ ।

नेपाल एलपी ग्यास उद्योग संघका अध्यक्ष दिवानबहादुर चन्दका अनुसार हाल ५८ वटा उद्योग सञ्चालनमा छन् । ती उद्योगहरू मर्जर प्रक्रियामार्फत घटेर २० देखि २५ वटासम्म सीमित हुन सक्छन् । यसले बजारमा रहेका धेरै ब्रान्डका कारण सिर्जना भएका व्यावहारिक समस्या समाधान गर्न मद्दत पुग्ने चन्दले बताए ।

उनले प्रभावसँग भने, 'ग्यास उद्योग मर्जरको प्रत्यक्ष फाइदा उपभोक्ताले पाउँछ र मर्जरको नीति सरकारले लिएको छ र यसबारे सरकारले उद्योगहरूलाई प्रस्ताव पठाएको छ र उद्योगीहरूले सकारात्मक जवाफ फर्काएका छन् ।'

अहिले बजारमा विभिन्न कम्पनीका फरकफरक ब्रान्डका सिलिन्डर चल्तीमा छन् । एउटा ब्रान्डको सिलिन्डर अर्को ब्रान्डको ग्यास पसलमा साट्न खोज्दा उपभोक्ताले समस्या भोग्नुपर्ने अवस्था छ ।

ब्रान्डको संख्या घटेर सीमित भएमा सिलिन्डर साटासाटको समस्या कम हुनेछ । उपभोक्ताले आफूलाई सहज हुने स्थानबाट ग्यास लिन र खाली सिलिन्डर साट्न सक्ने वातावरण बन्ने नेपाल आयल निगमका प्रवक्ता मनोज ठाकुरले बताए । उनका अनुसार यसबाट अतिरिक्त सिलिन्डर किन्नुपर्ने वा ब्रान्ड नमिलेका कारण थप रकम खर्च गर्नुपर्ने बाध्यता पनि घट्न सक्छ ।

मर्जरपछि एउटै समूहअन्तर्गत धेरै उद्योग सञ्चालन गर्दा व्यवस्थापन, प्रशासन, कर्मचारी, ढुवानी तथा वितरण प्रणालीमा दोहोरो खर्च घटाउन सकिने सम्भावना हुने पनि ठाकुरले बताए ।

'अहिले एउटै सञ्चालकका नाममा दुईदेखि चार वटासम्म उद्योग सञ्चालनमा रहेको देखिन्छ,' ठाकुरले भने, 'त्यस्ता उद्योग एकापसमा गाभिएमा स्रोतसाधनको एकीकृत प्रयोग गर्न सकिनेछ । यसले उद्योगको सञ्चालन लागत घटाउनुका साथै व्यवसायलाई थप व्यवस्थित र प्रतिस्पर्धी बनाउन सहयोग पुऱ्याउन सक्छ ।'

ग्यास उद्योगको संख्या र ब्रान्ड धेरै हुँदा सिलिन्डरको गुणस्तर, मर्मतसम्भार र व्यवस्थापनमा एकरूपता कायम गर्न चुनौती हुन सक्ने ठानिएको छ । मर्जरपछि सीमित ब्रान्ड र एकीकृत व्यवस्थापन प्रणाली विकास गर्न सकिए सिलिन्डरको नियमित परीक्षण, मर्मतसम्भार तथा गुणस्तर नियन्त्रण प्रभावकारी बनाउन सकिने अध्यक्ष चन्दले बताए ।

उनको विचारमा यसले ग्यास चुहावट र सिलिन्डरको गुणस्तरसँग सम्बन्धित जोखिम न्यूनीकरणमा समेत सहयोग पुग्न सक्छ ।

⏭ क्रमशः पृष्ठ २ मा

पार्टीको आधिकारिता प्रकरणमा गगन 'डिफेन्सिभ', कांग्रेसले प्रतिवाद गर्ने

- कांग्रेस पदाधिकारीहरूले इनम सापकोटा प्रकरणमा प्रत्यक्ष जोडिएको प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार कुमार बेनमाथि छानबिन गर्नुपर्ने माग उठाएका छन्
- कांग्रेस महामन्त्री प्रदीप पौडेलले सभापति थापालाई पत्राउको सरकारी तयारीबारे प्रश्न गर्दै कुनै प्रमाणबिना पत्राउ नगर्न चेतावनी दिए
- सरकारले लोकतन्त्रको हुर्मत लिन खोजेको भन्दै पदाधिकारीहरूले विपक्षी दलसँग संवाद बढाएर मोर्चा बनाउनसमेत आग्रह गरे

■ प्रभाव संवाददाता

काठमाडौं– आफू पत्राउ पर्ने हल्ला चलेसँगै नेपाली कांग्रेसका सभापति गगन थापाले कांग्रेस आधिकारिताका लागि कुनै लेनदेन नभएको दाबी गरेका छन् । बिहीबार एक भिडिओ सन्देश जारी गर्दै सभापति थापाले कांग्रेस आधिकारिताको लडाईंमा एक सुका पनि नलिएको दाबी गरेका हुन् ।

सभापति थापाले आफ्नो नाम लिएर फिक्सरका रूपमा प्रचारित इनम सापकोटासँग कुनै आर्थिक लेनदेन नगरेको बताएका हुन् । 'नेपाली कांग्रेसको आधिकारिकताको लडाइँमा, राजनीतिक-कानुनी लडाइँमा रूपैयाँ होइन, एक सुकाको पनि कुनै आर्थिक लेनदेन, कुनै अनुचित काम गरेको छैन, भएको छैन,' थापाले भने । थापामाथि कांग्रेसको आधिकारिकता लिन न्यायाधीश शारंगा श्रेष्ठमार्फत १८ करोडको डिल भएको भन्दै सापकोटाको अडियो बाहिरिएको थियो ।

अडियो बाहिरिएसँगै थापालाई पत्राउ गर्ने हल्ला चलेपछि कांग्रेसले पदाधिकारी बैठकसमेत बस्यो । बुधबार दिउँसोको बैठकपछि थापाले आफू सफा नियतका साथ कांग्रेसको नेतृत्वमा रहेको बताए । 'म गगन थापा, तपाईंको दाइ, तपाईंको भाइ, तपाईंको साथी, तपाईंको छोरा, तपाईंको महामन्त्री कुनै कमजोर नैतिक धरातलमा उभिएको छैन । मैले सधैं भन्दै आएको छु, मेरो हातमा दाग छैन, मनमा कुनै कालो छैन । मेरो हात सफा छ, माई ह्यान्ड्स आर क्लिन,' थापाले भने । थापाले यसबारे निष्पक्ष अनुसन्धानको मागसमेत गरेका छन् ।



कुमार बेनमाथि अनुसन्धान गर्न माग

कांग्रेस पदाधिकारीहरूले भने इनम सापकोटा प्रकरणमा प्रत्यक्ष जोडिएको प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार कुमार बेनमाथि छानबिन गर्नुपर्ने माग उठाएका छन् । बिहीबार पार्टीको केन्द्रीय कार्यालय सानेपामा भएको अनौपचारिक बैठकमा नेताहरूले बेनको भूमिका शंकास्पद भन्दै छानविनको माग गरेका हुन् ।

प्रहरी अनुसन्धान नै कमजोर हुने गरी कानुनभन्दा माथि गएर बेनले मोबाइल दुई दिन राख्नु नै शंकास्पद भएको कांग्रेस सहमहामन्त्री योगेन्द्र चौधरीले बताए । 'इनम सापकोटाको मोबाइल लिएर दुई दिनसम्म मोबाइलबाट के के डिलेट गरे ? के के थपे । यसको डिटेल बाहिर आउनुपर्छ । यसबारे प्रधानमन्त्रीका सल्लाहाकार वेनमाथि पनि छानविन गर्नुपर्छ,' चौधरीले भने ।

⏭ क्रमशः पृष्ठ २ मा

मेरो हातमा दाग छैन : गगन थापा

नेपाली कांग्रेसको आधिकारिकताको विषयमा एउटा हल्लाले अहिले राजनीतिक बजार पिटेको छ । यो प्रकरणमा पार्टीका अर्का महामन्त्री विश्वप्रकाश शर्माले पार्टीको केन्द्रीय कार्यालयमा बुधबार प्रेस कन्फरेन्स गरेर सबै विषयवस्तुहरू डिटेलमा राखिसक्नुभएको छ । जसको सार दुइटा छ- एउटा, यो बदनियतका साथ चलाइएको हल्ला हो, यसलाई हामी पूर्ण रूपमा खारेज गर्छौं ।

दोस्रो, नेपाली कांग्रेस पार्टी, पार्टीको नेतृत्व सबै खालको अनुसन्धानको लागि तयार छ । यति कुरा पार्टीको महामन्त्रीले बोलिसके पछाडि मैले नबोले पनि हुने हो, तर केही-केही विषयहरूमा मलाई डाइरेक्ट्ली कम्युनिकेट गर्नुपर्छ भन्ने लाग्छ । त्यसैले यो सन्दर्भमा पनि मैले एउटा सानो भिडियो बनाएको छु ।

फिक्सर इनम सापकोटा, जो अहिले प्रहरीको अनुसन्धानको लागि हिरासतमा छन्, उनको भनेर एउटा अडियो बाहिर आएको छ । त्यो अडिओमा मेरो बारेमा केही कुरा सुनिएको भनेर... त्यो अडियो कहाँ बोलेको, कसले बोलेको, किन बोलेको, कहिले बोलेको थाहा छैन । बोलिएको हो कि बोलाइएको हो यो पनि थाहा छैन ।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

वैदेशिक रोजगारीमा रहेका साढे २४ लाख श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध

नियमित योगदानकर्ता करिब दुई लाख

■ ममता थापा

काठमाडौं– वैदेशिक रोजगारीमा रहेर सामाजिक सुरक्षा कोषमा योगदान गर्ने श्रमिक बढ्दै गएको पाइएको छ । हाल नियमित योगदान गर्नेहरू करिब दुई लाख पुगेको कोषले जानकारी दिएको छ ।

चालु आर्थिक वर्षको असोज महिनासम्म वैदेशिक रोजगारीमा रहेका २४ लाख ५० हजार ९५८ जना कोषमा आबद्ध भएका तथ्यांक छ । आबद्ध हुनेहरूको संख्याको तुलनामा नियमित योगदान गर्नेहरूको संख्या निराशाजनक थियो । पछिल्लो समय यसमा सुधार भएको कोषमा सूचना अधिकारी डा. रोशन कोजुले बताए ।

'पछिल्लोपटक सचेत भएर योगदान गर्ने क्रम बढेको छ । अघिल्लो वर्षसम्म यस्तो संख्या एकदमै निराशाजनक थियो । जानेहरू दोहोऱ्याएर योगदान गर्दैनथे । अहिले नियमित योगदान गर्नेहरूको संख्या करिब दुई लाख पुगेको छ,' उनले भने ।

२०७९ चैत ८ गतेबाट सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने व्यवस्था लागू गरेपछि विदेसिनेहरू अनिवार्यरूपमा कोषमा जोडिनुपर्छ । नेपालबाट वैदेशिक रोजगारीमा जाने धेरै युवाहरू अदक्ष श्रमिक रहेका छन् । कोषमा आबद्ध हुन अनलाइन फाराम भर्नुपर्ने र योगदान रकम पनि अनलाइनमार्फत जम्मा गर्नुपर्ने भएकाले मोबाइल एप्स राम्रोसँग प्रयोग गर्न नसक्नेहरूलाई समस्या पर्ने गरेको कोषले जनाएको छ । साथै, डिजिटल साक्षरता हासिल नगरेकाहरूलाई यस विषयमा बुझाउन समस्या हुने गरेको बताइन्छ ।



पछिल्लोपटक सचेत भएर योगदान गर्ने क्रम बढेको छ । अघिल्लो वर्षसम्म यस्तो संख्या एकदमै निराशाजनक थियो । जानेहरु दोहोऱ्याएर योगदान गर्दैनथे । अहिले नियमित योगदान गर्नेहरुको संख्या करिब दुई लाख पुगेको छ ।

डा. रोशन कोजु
सूचना अधिकारी,
सामाजिक सुरक्षा कोष

योगदातकर्ताहरू हाल मोबाइल बैंकिङ, रेमिटलगायतका माध्यमबाट रकम जम्मा गर्दै आइरहेका छन् । यसलाई थप सहज बनाउन कनेक्ट आईपिएस, क्युआरलगायतका माध्यमको पनि परीक्षण भइरहेकाले तिहारपछि यसलाई कार्यान्वयनमा ल्याउने तयारी भइरहेको कोषले जनाएको छ । वैदेशिक रोजगारी र स्वरोजगारीमा रहेका व्यक्तिहरूले कोषमा योगदान गरेको रकम पछिल्लोपटक एफवानको नेटवर्कबाट ग्लोबल आइएमई र एसबिआई बैंकबाहेक सबै वर्गका बैंकको मोबाइल बैंकिङबाट संकलनको काम भइरहेको छ ।

नियमित योगदानकर्ताको संख्यामा सुधार गर्न यस वर्ष ५०० भन्दा बढी कार्यक्रम आयोजना गर्ने योजना रहेको सूचना अधिकारी कोजुले बताए । साथै, विभिन्न माध्यममार्फत कार्यक्रम आयोजना गर्ने तयारीसमेत भइरहेको उनको भनाइ छ ।

'योगदानकर्ता बढाउन क्यम्पेनिङ र सचेतना नै मुख्य हो । यस्तो कार्यक्रम कतिपय डिजिटल हुने कतिपय श्रमिकको परिवारलाई भेटेर अन्तरक्रिया गर्ने कार्य हुन्छ । यस्ता कार्यक्रम पालिकासँगको समन्वयमा गर्छौं,' उनले भने, 'सचेतनाका लागि सामाजिक सञ्जालमा प्रमोसनल कन्टेन्टहरू बनाउने, हरेक हप्ता लाइभमा जानेलगायतका योजनाहरू बनाइरहेका छौं ।'

अहिले कोषमा आबद्ध भएका श्रमिकका परिवारका सदस्यले स्वास्थ्य उपचारलगायतका सुविधा पनि लिन थालेकाले सचेतना बढ्दै गएको जनाइएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

प्रधानमन्त्री बालेनको भारत भ्रमण सुनिश्चित गरी फर्किए मिस्री

■ प्रभाव संवाददाता

काठमाडौं– भारतीय विदेश सचिव विक्रम मिस्री स्वदेश फर्किएका छन् । बुधबार काठमाडौं आइपुगेका मिस्री बिहीबार स्वदेश फर्केका हुन् । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग भेटेपछि मिस्री नयाँ दिल्ली उडेका हुन् । लामिछानेअघि मिस्रीले सिंहदरबार पुगेर प्रधानमन्त्री वालेन्द्र शाह बालेनसँग भेटेका थिए ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको भेटमा प्रधानमन्त्री शाहले नेपालमा हालै गएको विनाशकारी रसुवा-भोटेकोशी बाढीपछि भारत सरकारले 'फर्स्ट रेस्पोन्डर'का रूपमा राहत सामग्री दिनुका साथै उद्धार टोली खटाएर पुऱ्याएको सहयोगप्रति आभार व्यक्त गरेको बालेनको सचिवालयले जनायो ।

बालेनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालले विपद्को सामना गरिरहेका बेला फोनमार्फत सहयोगको ऐक्यबद्धता जनाएकोमा समेत आभार व्यक्त गरे । प्रधानमन्त्री शाहले नेपालको खेलकुदको विकासका लागि भारतसँग कसरी सहकार्य गर्न सकिन्छ भन्ने विषयमा पनि चासो राखेका थिए ।

भारतीय विदेशसचिव मिस्रीले प्रधानमन्त्री शाहको आसन्न भारत भ्रमणलाई लिएर तयारी तीव्र पारेको भारतीय प्रधानमन्त्री मोदीको सन्देशसहित जानकारी गराएका थिए । उनले प्रधानमन्त्री शाहको भारत भ्रमण सफल हुने गरी आफूहरूले तयारी गरिरहेको बताएका थिए । 'भेटमा भारतीय विदेशसचिव मिस्रीले सम्माननीय प्रधानमन्त्रीज्यूको आसन्न भारत भ्रमणलाई लिएर तयारी तीव्र पारेको भारतीय प्रधानमन्त्री मोदीको सन्देशसहित जानकारी गराउनुभएको थियो । उहाँले प्रधानमन्त्री शाहज्यूको भारत भ्रमण सफल हुने गरी आफूहरूले तयारी गरिरहेको बताउनुभएको थियो,' भेटपछि प्रधानमन्त्रीको सचिवालयले जारी गरेको प्रेस नोटमा भनिएको छ ।



- भारतीय विदेशसचिव मिस्रीले प्रधानमन्त्री बालेनको आसन्न भारत भ्रमणलाई लिएर तयारी तीव्र पारेको बताए
- प्रधानमन्त्री बालेन आउँदो मंसिर ७ गते भारतको औपचारिक भ्रमणमा जाने तयारीमा छन्

प्रधानमन्त्री शाहको आसन्न भारत भ्रमणलाई लिएर तयारी तीव्र पारेको भारतीय प्रधानमन्त्री

⏭ क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

पार्टीको आधिकारिता...

बिचौलिया इनम सापकोटाको दुई वटा मोबाइल प्रहरीको फरेन्सिक जाँचअघि दुई दिनसम्म कुमार बेनले नियन्त्रणमा राखेको सुचना बाहिरिएको थियो । गत पुसमा विशेष महाधिवेशन गरेको कांग्रेसले असोजमा १५ औं महाधिवेशन सम्पन्न गरेको थियो । यता कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा पक्षले भने आधिकारिकताको दाबी गर्दै मंसिर २१ देखि महाधिवशेन गर्दैछ । देउवा पक्षले सर्वोच्च अदालतमा आधिकारिकता दाबी गदै रिट दायर गरेको छ । उक्त मुद्दाको फैसला भने अझैसम्म भएको छैन ।

यही फैसला आफ्नो पक्षमा पार्न गगनले १८ करोड अदालतका न्यायाधीशलाई बुझाएको आरोप लागेको हो । यो विषयको अडियो साफेद झुट भएको कांग्रेसका अर्का सहमहामन्त्री अजयबाबु शिवाकोटीले दाबी गरे । 'अडियो पनि बाहिर रेकर्ड गरिएको छ । इनम सापकोटाको बयान सफेद झुट हो । बिचौलियाको मोबाइल दुई दिनसम्म राखेर सबै डिलेट गर्ने र १८ करोड भन्ने चाहि थपिएको छ,' सहमहामन्त्री शिवाकोटीले भने ।

कांग्रेस महामन्त्री प्रदीप पौडेलले सभापति थापालाई पक्राउको सरकारी तयारीबारे पनि छलफल भएको बताए । महामन्त्री पौडेलले कुनै प्रमाणविना पक्राउ नगर्न चेतावनी दिए । 'सरकारलाई हाम्रो चुनौति छ । कसरी पुष्टि गर्नुहुन्छ ? कि त त्यो बयान हो भनेर भन्न सक्नुपर्छ । प्रहरीसँग भएको मोबाइल लाने हो ? हाम्रो सभापतिमाथि अनुसन्धान गर्नुस् । तर अनुसन्धान विधि र कानुनमा टेकेर होस्,' महामन्त्री पौडेलले भने ।

सरकारले लोकतन्त्रको हुर्मत लिन खोजेको भन्दै पदाधिकारीहरूले विपक्षी दलसँग संवाद बढाएर मोर्चा बनाउनसमेत आग्रह गरे । 'सरकार गलत बाटोमा हिडिरहेको छ । सबैलाई तर्साउन खोजेको छ । पञ्चायतकालमा पनि नभएको घटना छ । लोकतन्त्रलाई निस्तेज खोजेको बेला प्रमुख प्रतिपक्षी दलको नेताको हिसाबले हामीले सबै राजनीतिक दलसँग संवाद गर्नुपर्छ भनेका छौं,' पौडेलले भने ।

■■■

एलपी ग्यास...

यद्यपि यसका लागि उद्योगहरूले कडा सुरक्षा मापदण्ड पालना गर्नु र निगमले नियमित अनुगमन गर्नु आवश्यक हुने प्रवक्ता ठाकुरले बताए ।

नेपालमा बेलाबेलामा खाना पकाउने एलपी ग्यासको अभाव हुने गरेको छ । यस्तो अवस्थामा बजारमा धेरै ब्रान्डका सिलिन्डर हुँदा वितरण र व्यवस्थापनमा थप जटिलता उत्पन्न हुने गरेको छ ।

मर्जरपछि उद्योगहरूबीच समन्वय बढेमा उत्पादन, भण्डारण र वितरणको योजना बनाउन सहज हुने अपेक्षा संघको छ । मर्जरका सम्भावित फाइदा हुँदाहुँदै पनि उद्योगीहरूले करसम्बन्धी व्यवस्था स्पष्ट हुनुपर्ने माग गरेका छन् । नेपाल एलपी ग्यास उद्योग संघले आयकर ऐन, २०५८ को दफा ५७ र ९५ (क) आकर्षित नहुने व्यवस्था मिलाउन सरकारसँग आग्रह गरेको छ ।

उद्योगीहरूका अनुसार शेयर स्वामित्व परिवर्तनका क्रममा सम्पत्ति पुनर्मुल्याङ्कन गर्दा ठूलो परिमाणमा पुँजीगत लाभकर तिर्नुपर्ने अवस्था आउन सक्छ । यस्तो करको भार घटाउन आवश्यक नीतिगत व्यवस्था भए अधिकांश उद्योग मर्जरमा जान तयार रहेको संघका अध्यक्ष चन्दले बताएका छन् । नेपाल ग्यासले नेपाल, एचपी, गण्डकी र राजधानी ब्रान्डलाई एकीकृत गर्ने उद्देश्यसहित निगममा निवेदनसमेत दिएको छ ।

■■■

मेरो हातमा...

मलाई यतातिर अलि चासो पनि छैन किनकि यो समग्र कुराका एकपछि अर्को पोलहरू पक्कै पनि खुल्दै जालान्, जान पनि पर्छ । तर एउटा कुरा क्लियर बनाउँछु- नेपाली कांग्रेसको पार्टीको विशेष महाधिवेशन भनेको विद्रोह हो । भाद्र २३ र २४ गते नवयुवाहरूले विद्रोह गरे । त्यो विद्रोहको सम्मान गर्दै पार्टीभित्र चेन्ज चाहिन्छ भनेर हामीले कोसिस गर्‍यौं, रेसिस्ट भयो । त्यसैले पार्टीका भुईं तहका कार्यकर्ताहरूले गरेको विद्रोह हो, त्यो विद्रोहमा हामीहरू मिसिएको हो । विद्रोह गर्नेले परिणामको चिन्ता गर्छ ? के होला भनेर सोच्छ ? सोच्दैन । करोडको कुरा गर्छन् !

नेपाली कांग्रेसको आधिकारिकताको लडाइँमा, राजनीतिक-कानुनी लडाइँमा रूपैयाँ होइन, एक सुकाको पनि कुनै आर्थिक लेनदेन, कुनै अनुचित काम गरेको छैन, भएको छैन । फिक्सर इनम सापकोटाको अडियो भनेर बजारमा आएको कुरामा हाम्रो बारेमा यस्तो सुनिएको रे भनेको बारेमा हामीले सार्वजनिक रूपमा उत्तर दिँदै हिँड्नुपर्ने ? यो दिनु नपर्ने विषय हो । तर यति कुरा भन्यौं, अब सकियो ।

अब प्रश्न हामीलाई सोध्ने होइन । प्रश्न कहाँ सोध्ने ? जहाँ सोध्नुपर्ने हो त्यहाँ सोध्ने । फिक्सर इनम सापकोटा अहिले प्रहरीको अनुसन्धानको लागि हिरासतमा छन्, त्यहाँ सोध्ने प्रश्नहरू । अनुसन्धान फेयर भयो कि भएन भनेर हेर्ने । यसमा को-को जोडिन्छन्, ती सबै कुराहरू खोतल्ने । प्रेसको पनि यही जिम्मा हो र अरू चासो राख्नेहरूको पनि यही जिम्मा हो । जब राम्रोसँग अनुसन्धान हुन्छ, फेयर अनुसन्धान हुन्छ, दूधको दूध पानीको पानी मज्जाले छुट्टिन्छ । हामी त्यसकै प्रतीक्षामा छौं ।

अर्को एउटा प्रसंग पनि छ- अडियोमा हाम्रो बारेमा केही कुराहरू आयो, त्यसकारण गर्दा हामी हतार-हतार डराएर पार्टीका नेताहरूलाई भेट्न थाल्यौं, राती बसेर अनेकन कुराहरू गर्न थाल्यौं । अरे बाबा ! मैले त भन्दै आएको छु, म तर्सिने जिनिस नै होइन । तर्सिने बानी नै परेको छैन । नेपाली कांग्रेसको पार्टी सभापति छु, मेरो पार्टी सभापतिको रूपमा केही ड्युटिजहरू छन् । मधेश प्रदेशको सरकार नेपाली कांग्रेसको छ । अबको ५-७ दिनभित्र विश्वासको मत लिनुपर्ने छ, अरू राजनीतिक दलसँग संवाद गर्नुपर्ने छ । प्रचण्डलाई केही दिनअगाडि भेटें, त्योभन्दा पहिला उपेन्द्र यादवजीलाई भेटें, र त्यही सन्दर्भमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीजीलाई भेटें । सकियो ।

कुनै कुरा सरकारको बारेमा लुकेर गर्नुपर्ने नै छैन । जे गर्ने हो खुला गर्ने हो । हामीले अस्ति पार्टी केन्द्रीय कार्यालयमा बकायदा प्रेसहरूलाई बोलाएर खुला भनिसक्यौं- यो सरकार ५ वर्षको लागि आएको हो, फाइभ इयर्सको म्याण्डेट छ, त्यसलाई हामी सम्मान गर्छौं । तर सरकारले राइट कुरामा फोकस गरोस् । आजको उसको फोकस... यत्रो डिजास्टर भएको छ, यति धेरै मानिसहरू घरबारविहीन भएका छन्, तिनको पुनर्स्थापना कसरी गर्ने ? सुकुम्बासीहरू घरटहरा छोडेर गएर खुलामा बसेको कति समय भयो, उनको पुनर्स्थापना कसरी गर्ने ?

सबभन्दा ठूलो कुरा इकोनोमी छ, खोइ जब्स ? खोइ इन्भेस्टमेन्ट ? जतातै बर्बाद हुँदै गएको छ । सब डरले थरथर भएको अवस्था छ । यसलाई सम्हाल्ने कसरी हो ? यो सम्हाल्ने कुरामा हाम्रो ध्यानाकर्षण पनि गराएका छौं, हाम्रो साथ सहयोग रहन्छ, जहाँ गल्ती गर्छौं त्यहाँ प्रश्न रहन्छ भनेर भनेका छौं । तर डेमोक्रेटिक राइटलाई खुम्च्याउने कुरा, हाम्रा संस्थाहरूलाई कमजोर बनाउने कुरा हुँदै गर्दा हामी मूकदर्शक भएर बस्दैनौं, बोल्छौं, प्रश्न गर्छौं, पर्यो भने प्रतिवाद गर्छौं किनकि त्यो हाम्रो ड्युटी हो ।

खुला भनिरहेका छौं, लुकाएर भन्नुपर्ने कुरा केही पनि छैन । हामीले जतिखेर सरकारमाथि प्रश्न उठायौं, ठ्याक्कै त्यही बेलाबाट एउटा म्यानुफ्याक्चर्ड नेरेटिभ सुरु भएको छ । के यसले हामीलाई प्रश्न गर्ने कुरा हाम्रो बन्द हुन्छ ? हुँदैन । ठीक कुरामा साथ दिने कुरा पनि बन्द हुँदैन, गलत कुरालाई प्रश्न गर्ने कुरा र प्रतिवाद गर्ने कुरा पनि बन्द हुँदैन ।

लास्टमा एउटा कुरा भन्छु- म गगन थापा, तपाईंको दाइ, तपाईंको भाइ, तपाईंको साथी, तपाईंको छोरा, तपाईंको महामन्त्री कुनै कमजोर नैतिक धरातलमा उभिएको छैन । मैले सधैं भन्दै आएको छु, मेरो हातमा दाग छैन, मनमा कुनै कालो छैन । मेरो हात सफा छ, माई ह्यान्ड्स आर क्लिन । यति नभएको भए लड्ने आँट आउँथ्यो ?

म त आजमात्र हो ? योभन्दा पहिला पनि, योभन्दा अझै बलियो सत्ता भएको बेलामा पनि, सत्ताले गलत गरेको बेलामा त्योसँग लड्दै आएको छु, प्रश्न गर्दै आएको छु । आफ्नै पार्टीको सरकार हुँदै गर्दा त गलत हुँदै गर्दा बोल्न छाडिनँ । बोल्ने आँट कहाँबाट आउँछ ? म कतै कमजोर भएको भए, मेरो स्वच्छता, इमानदारिता, मेरो नैतिकतामा कहिँकतै कम्प्रमाइज्ड भएको भए त्यो बोल्ने आँट आउँछ ? आउँदैन ।

जब-जब म अलि बलियो सत्तासँग मैले प्रश्न गरेको छु, लडेको छु, यस्ता कुनै न कुनै प्रायोजित, म्यानुफ्याक्चर्ड नेरेटिभ मेरो वरिपरि ल्याइएको छ । कहिले यो भयो, कहिले त्यो भयो र व्यापक रूपमा मेरो चरित्रमाथि कोइसन गरिएको छ । तर प्रत्येक पटक लडेर आएँ नि म, प्रत्येक पटक बाँचेर आएँ नि म, ढलिनँ नि म ! किन थाहा छ ? तपाईंको शुभेच्छा, आशीर्वाद आफ्नो ठाउँमा छ तर सबभन्दा ठूलो कुरा मेरो मोरल स्ट्रेन्थ हो । यो लडाइँमा म किन बाँचेको छु भने किनकि म सफा छु, म स्वच्छ छु, म ठीक ठाउँमा उभिएको छु ।

त्यसैले ढुक्क रहनुहोस् । मलाई माया गर्ने सबै साथीहरू ढुक्क रहनुहोस् - तपाईंको भाइ, तपाईंको दाइ, तपाईंको साथी, तपाईंको छोरा, तपाईंको पार्टी सभापति गगन थापा कुनै कमजोर नैतिक धरातलमा उभिएको छैन । त्यसैले तपाईं मेरो बारेमा जिम्मा लिएर बोल्न सक्नुहुन्छ, मेरो बारेमा जिम्मा लिएर भन्न सक्नुहुन्छ- गगन थापाबाट कुनै गलत, अनैतिक काम भएको छैन, हुन सक्दैन । कति साथीहरू भन्नुहुन्छ यो होला, त्यो होला; ती कुनै कुराहरूसँग कुनै चिन्ता लिएर आफ्नो ड्युटी गर्ने होइन । आफ्नो ड्युटी गर्दै जाने हो, जे पर्छ त्यो कुरालाई बेहोर्ने हो ।

खाली एउटा कुरा अन्तिममा रिक्वेस्ट गर्छु- यत्रो प्रायोजित हल्लाहरूका बीचमा प्रश्नहरू चाहिँ मर्नुहुँदैन । प्रश्न मर्‍यो भने डेमोक्रेसी सकिन्छ । डेमोक्रेसी मात्र होइन, हाम्रो प्रगति पनि सकिन्छ । आजको सबभन्दा मूल प्रश्न भनेकै के हामी प्रश्नहरूलाई बचाउन सक्छौं ? आजको प्रश्न नै यही हो । सबैको ध्यान यसमा जाओस् । यत्ति कुरा राख्छु ।

■■■

वैदेशिक रोजगारीमा...

कोषमा आवद्ध हुने श्रमिकहरूले दुर्घटना तथा अशक्तता सुविधा, वृद्ध अवस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । सुविधा लिनका लागि घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ ।

हाल वैदेशिक रोजगारी, अनौपचारिक र स्वरोजगार क्षेत्रका करिब ३३ लाख योगदानकर्ता सामाजिक सुरक्षा कोषमा आबद्ध भइसकेका छन् । जसका एक करोडभन्दा बढी संख्यामा आश्रित परिवार कोषको औषधि उपचार सेवामा सेवाग्राहीका रूपमा रहेका जनाइएको छ । करिब आधा जनसंख्या सामाजिक सुरक्षा कोषको स्वास्थ्य उपचार सेवा लिइरहेकाले अस्पतालको संख्या विस्तार भएर देशैभर १२५ पुगिसकेको कोषले जनाएको छ ।

■■■

प्रधानमन्त्री बालेनको...

प्रधानमन्त्री बालेन आउँदो मंसिर ७ गते भारतको औपचारिक भ्रमणमा जाने तयारीमा छन् । दुई देशले प्रधानमन्त्रीको भारत भ्रमणको मिति तय गरेसँगै उनको भ्रमणको अन्तिम तयारी भइरहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

भारतीय विदेश सचिव मिस्रीले ऊर्जा, जलस्रोत, व्यापार-पारवहन र उ•यनसम्बन्धी नेपाल तथा भारतका द्विपक्षीय संयन्त्रका नियमित बैठकहरू सफलतापूर्वक सम्पन्न भएको बताउनुभयो । भारतको अयोध्यादेखि नेपालको जनकपुरसम्म रेलमार्ग सञ्चालनका लागि आवश्यक तयारी पुगेको उहाँले प्रधानमन्त्री शाहलाई जानकारी गराएका थिए ।

रास्वपा सभापति लामिछानेसँगको भेटवार्तामा विगतमा भएको भारतको औपचारिक भ्रमणको चर्चा गर्दै आगामी दिनमा दुई मुलुकबीचमा हुन लागेका उच्चस्तरीय भ्रमणहरूको सफलताका लागि शुभकामना दिएका थिए । लामिछानेले दुई देशबीच विकास तथा आर्थिक कूटनीतिमा नेपालले जोड दिइरहेको उल्लेख गरे । भेटवार्तामा सभापति लामिछाने र विदेश सचिव मिस्रीबीच नेपाल तथा भारतबीचको बहुआयामिक सम्बन्धका विषयमा कुराकानी भएको थियो । बुधबार अर्थमन्त्री स्वर्णिम वाग्ले, पूर्वाधार विकासमन्त्री सुनिल लम्साल र ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठसँग सम्बन्धित मन्त्रालयमा पुगेर भेटवार्ता गरेका थिए ।

कर्मचारी हटाइएको सूचना

सम्पूर्ण सम्बन्धित व्यक्तिहरूलाई जानकारी गराइन्छ कि नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Central Capital Services Pvt. Ltd.** (श्रम इजाजत नं. **५७४/०६२/०६३**) मा कार्यरत निम्न कर्मचारीलाई गतेदेखि यस कम्पनीको सेवाबाट हटाइएको जानकारी गराइन्छ । निज व्यक्तिसँग यस कम्पनीको नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम, कारोबार वा गतिविधि नगर्नु/नगराउनु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । यदि कसैले निज व्यक्तिसँग यस कम्पनीको नाममा कुनै कारोबार गरेमा त्यसको जिम्मेवार यस प्रा.लि. हुने छैन ।

कर्मचारी विवरण:

नाम, थर	ठेगाना	नागरिकता नं	पद
जीवन कुमार लिम्बु	राजारानी -०८, धनकुटा	०७-९४	लेखापाल
पबना कटुवाल	तामाकोशी -०१, दोलखा	२२-०१-८०-००००६	रिसेपसनिस्ट

श्रम इजाजत नं. ५७४/०६२/०६३

CENTRAL CAPITAL SERVICES PVT.LTD.
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492,
Kumar Tamang +977 985-1118313 E-mail : info@centralcapitalservices.com,
Web : www.centralcapitalservices.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७६/०५/०६ मा दर्ता भएको **डाइरेक्ट किचेन प्राइभेट लिमिटेड (प्रा.लि. नं. ३२२१७१)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०६५/०९/१४ मा दर्ता भएको प्रा.लि.नं. ५८९७३ को **पुष्पा सत्र रेमिटेन्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०७।१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी स्वेच्छिक दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६९/०१/०४ मा दर्ता भएको यस **आर.टि.सि ल्याङ्वेज इन्स्टिच्युट प्राइभेट लिमिटेड** (प्रा.लि.नं.९२४९२) कम्पनी यस कार्यालयको मिति २०८३/०६/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **स्वेच्छिक दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८३/०७/२० गते

यस कम्पनीको मिति २०८३/०६/१५ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **प्याराडाइज वेब प्रा.लि.**को नाम परिवर्तन गरी **शटरबग क्याफे प्रा.लि.(दर्ता नम्बर २३३१४५)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/२७ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

हकदावीको सूचना

सर्लाही जिल्ला, लौकठ गा.वि.स., वडा नं. ०८ (हाल मधेस प्रदेश, सर्लाही जिल्ला, बरहथवा, न.पा. वडा नं ०५) बस्ने श्री पद्मनिधि मुडभरीको नाति, श्री विशेश्वर प्रसाद मुडभरीको छोरा, पवन कुमार मुडभरीको मिति २०८३/०५/११ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. ०४४०५०५०२५२७२० मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजकी पत्नी प्रेमलता मुडभरीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB शाखा कार्यालय, बरहथवा, सर्लाही
फोन न ०४६-५४०२९५/९६

आजको राशिफल



ज्यो. गुरू अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शुक्रबार, २० कात्तिक, २०८३

मेष नयाँ सम्पर्कबाट फाइदा पुग्नेछ । व्यापार तथा व्यवसायमा सकारात्मक परिणाम प्राप्त हुनेछ ।

वृष काममा धैर्य र लगनशीलता आवश्यक देखिन्छ । पारिवारिक वातावरण सुखद् रहनेछ ।

मिथुन नयाँ अवसरले उत्साह थप्नेछ । अध्ययन, यात्रा तथा व्यावसायिक क्षेत्रमा सफलता मिल्ने सम्भावना छ ।

कर्कट मेहनतअनुसार उपलब्धि हासिल हुनेछ । आर्थिक कारोबार गर्दा सोचविचार गरेर निर्णय लिनुहोला ।

सिंह नयाँ काम सुरु गर्न अनुकूल समय छ । साथीभाइको सहयोगबाट रोकिएका काम पूरा हुनेछन् ।

कन्या पारिवारिक सम्बन्धमा आत्मीयता बढ्नेछ । व्यवसाय तथा रोजगारीमा नयाँ सम्भावना देखिनेछ ।

तुला काममा उत्साह बढ्नेछ । नयाँ अवसर प्राप्त हुने र आर्थिक पक्षमा सुधार आउने संकेत छ ।

वृश्चिक रोकिएका काम अघि बढ्नेछन् । पारिवारिक सहयोग मिल्नेछ भने खर्चमा सावधानी अपनाउनुहोला ।

धनु नयाँ योजना बनाउने अवसर मिल्नेछ । बोली र व्यवहारमा संयम राख्दा सम्बन्ध राम्रो बन्नेछ ।

मकर कार्यक्षेत्रमा जिम्मेवारी बढ्नेछ । मेहनतको उचित परिणाम प्राप्त हुनाले आत्मविश्वास बढ्नेछ ।

कुम्भ सामाजिक क्षेत्रमा मानसम्मान बढ्नेछ । आर्थिक लाभको सम्भावना रहे पनि अनावश्यक खर्चबाट बच्नुहोला ।

मीन अधुरा काम पूरा गर्ने अवसर मिल्नेछ । स्वास्थ्य र व्यक्तिगत काममा विशेष ध्यान दिनुहोला ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
विशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

H अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	
४४१४७९८/४४२७४५२	
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६२६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं)	४४९८०३५
निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस	६६१२२६६
एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३९५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर टचाक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

२० कात्तिक, २०८३ (०६ नोभेम्बर २०२६)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रूपैयाँ	१००	१६०.००	१६०.१५
अमेरिकी डलर	१	१५१.६३	१५२.२३
युरो	१	१६९.२२	१६९.८९
पाउन्ड स्टर्लिङ	१	२०३.०७	२०३.८७
स्विस फ्रैन्क	१	१८३.७८	१८४.५१
अस्ट्रेलियन डलर	१	१०६.६४	१०७.०६
क्यानाडियन डलर	१	१०८.५१	१०८.९४
सिङ्गापुर डलर	१	११८.६४	११९.११
जापानी येन	१०	९.६२	९.६६
चिनियाँ युआन	१	२२.७९	२२.८८
साउदी अरब रियाल	१	४०.४०	४०.५६
कतारी रियाल	१	४१.६२	४१.७८
थाई भाट	१	४.४९	४.५१
संयुक्त अरब इमिरेट दिराम	१	४१.२९	४१.४५
मलेसियन रिङ्गेट	१	३७.३७	३७.५२
दक्षिण कोरियन वन	१००	११.३७	११.४१
स्विडिस क्रोनर	१	१५.४३	१५.४९
डेनिस क्रोनर	१	२२.६४	२२.७३
हङकङ डलर	१	१९.३३	१९.४१
कुवेती दिनार	१	४९१.९१	४९३.८५
बहराइन दिनार	१	४०१.६७	४०३.२६

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरुले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

दीपावली र छठको रौनक: रङरोगन गरेर टल्काइँदै घर

महोत्तरी– महोत्तरीसहित मिथिला क्षेत्रमा अहिले दीपावली र छठ पर्वको रौनक सुरु भएको छ । आज 'धनतेरस'सँगै भित्रिने दीपावली र कात्तिक शुक्लपक्षको चौथीदेखि सप्तमीसम्म विभिन्न विधिले सम्पन्न हुने पर्व छठको रौनकले मिथिला क्षेत्र अहिले देखिँदो छ । कात्तिक कृष्ण त्रयोदशीदेखि कात्तिक शुक्ल द्वितीयासम्मका पाँच दिनको हुने दीपावली पर्व यसपालि तिथिको घटबढले छ दिनको भएको छ ।

पर्वअघिदेखि नै गाउँनगर बस्ती सरसफाइ र सडक बत्ती जडान गर्ने सामूहिक अभियानदेखि आफ्ना घरआँगन साजसजामा सबै जुटेका पाइएको छ । पर्वका अवसरमा पक्की घरमात्र नभएर बाँसको चोयाका भित्ताका घर पनि विभिन्न रङका माटोले लिपपोत गरेर टलक्क टल्काइएका छन् । मिथिला क्षेत्रमा घर आमरूपमा बाँसका चोयाका भित्ता लगाइने पुरानै चलन छ । घर लिपपोत र रङरोगन दीपावली र छठ पर्वको स्थापित संस्कृति नै रहेको पाका मैथिल बताउँछन् ।

लोहारपट्टी-४ खुट्टा बस्तीका सामाजिक कार्यकर्ता नागेन्द्र चौधरी भन्छन्, 'दशहरादेखि नै घर सरसफाइ र रङरोगन थालिन्छ । दीपावली र छठअघि घर लिपपोत र रङरोगन गरिनै पर्ने चलन नै बसेको हुँदा धेरैजसोले यो काम यतिखेर गर्छन् ।'

दीपावली धनधान्यकी देवीको आराधना गरिने पर्व हुँदा यसबेला घर सरसफाइ र रङरोगन गर्ने मैथिल परम्परा रहेको छ । पर्व विशेषले अहिले झिक्राझिक्रीले बारिएका खर र खपडाले छाइएका गरिब बस्तीका घर पनि भित्ता टालटुल, लिपपोत

> गाउँनगर बस्ती सरसफाइ र सडक बत्ती जडान गर्ने सामूहिक अभियानदेखि आफ्ना घरआँगन साजसजामा सबै जुटेका पाइएको छ । पर्वका अवसरमा पक्की घरमात्र नभएर बाँसको चोयाका भित्ताका घर पनि विभिन्न रङका माटोले लिपपोत गरेर टलक्क टल्काइएका छन् । मिथिला क्षेत्रमा घर आमरूपमा बाँसका चोयाका भित्ता लगाइने पुरानै चलन छ ।

र रङरोगनले टिलिक्क छन् ।

दीपावली सुरु हुनै लाग्दा अहिले महोत्तरीका गाउँ/नगर बस्तीका सर्वसाधारण घर टल्काउने काममा व्यस्त छन् । झिलीमिली उज्यालोको पर्व मानिने दीपावली र भक्ति र निष्ठाको पर्व छठअघि बाँसका भाटा र झिक्राकै भित्ता भएका घर पनि परैबाट टिलिक्क टल्कने बन्दै छन् । सफा, स्वच्छ र राम्ररी लिपपोत गरेको उज्यालो घरमा लक्ष्मी प्रवेश गर्ने विश्वासले मिथिलामा यी पर्व खुसी र रमाइलोका मानिने गरिएको छ ।

'दिवाली (दीपावली) पवनी (पर्व)ले सबैतिर खुसी छर्ने विश्वास गरिन्छ । यो पवनीमा लक्ष्मीमाता गरिबका घरमा पनि पुग्नुहुन्छ,' भंगाहा-४ रामनगरकी ६० वर्षीया रामप्रिया साह भन्छिन्, 'लक्ष्मी सरसफाइ र रङरोगन गरिएको उज्यालो घरमा प्रवेश गर्ने विश्वास गरिन्छ ।' त्यस पर्वका अवसरमा घर रङरोगन गर्न छरछिमेकका दिदीबहिनीमा आपसी सहयोगको चलनले काम रमाइलो बन्ने गरेका उनी बताउँछिन् ।

पछिल्ला केही वर्षयता भने पर्वमा माटो लिन जाने, घर लिपपोत र रङरोगनका काममा छरछिमेकको आपसी हेलमेल भने घट्दै गएको रामप्रियाको अनुभव छ । तर, आफ्नो बस्तीमा अझै हेलमेलबाटै यी काम हुँदै आएका उनले बताइन् । ती चाडबाडका बेला कसको घर राम्रो लिपपोत र रङरोगन भयो भन्ने गृहिणीबीचको छलफल र सँगसँगै काम गर्दाको मन फुकाएर गरिने हाँसख्याल ठट्टा रमाइलो क्षणका रूपमा ग्रामीण महिला सम्झन्छन् ।

घर सिँगार्न, लिपपोत गर्ने काममा पुरुष पनि ठाउँठाउँमा देखिन्छन् । तर, धेरैजसो यो काम महिलाको मानिने पुरानो मानसिकताले अधिकांश घर लिपपोत र रङरोगन महिलाले नै गर्ने गरेका छन् । घर लिपपोत र रङरोगन गगर्न माटोसँगै चुन र विभिन्न रङको प्रयोग अचेल निकै बढेको छ ।

दसैँदेखि दीपावलीसम्म घर लिपपोत र रङरोगनको काम सकिएपछि घरबस्ती चहकिला देखिँदै छन् । दशहरा (दसैं)मा लिपपोत र रङरोगन गरिएका घरमा पनि दीपावलीअघि सरसफाइ र लिपपोत गरिने यहाँको परम्परा छ । दसैंमा घरको खानपानमा मासुको प्रयोग हुने तर दीपावली र छठ सात्त्विक विधिविधानले गरिने हुँदा ती पर्वअघि लिपपोत र रङरोगन गर्नु परेको मैथिल गृहिणी बताउँछन् । *रासस*

उदयपुर कारागारमा क्षमताभन्दा चार गुणा बढी कैदीबन्दी

उदयपुर– उदयपुर कारागारमा क्षमताभन्दा झण्डै चार गुणा बढी कैदीबन्दी राखिँदा उनीहरूको दैनिक जीवन कष्टकर बनेको छ । ६० जनाको क्षमता रहेको चार दशक पुरानो जीर्ण भवनमा हाल २३२ कैदीबन्दी कोचिएर बस्न बाध्य छन् । कारागार प्रशासक बैकुण्ठराज रेग्मीका अनुसार कारागारमा २१८ पुरुष र १४ महिला कैदीबन्दी छन् । क्षमताभन्दा अत्यधिक संख्यामा कैदीबन्दी राख्नुपर्दा खान, बस्न, सुत्न र शौचालय प्रयोग गर्नसमेत समस्या भइरहेको उनले बताए ।

साँघुरो ठाउँ, जीर्ण संरचना र वर्षायाममा छानाबाट पानी चुहिने समस्याले कैदीबन्दीको स्वास्थ्यमासमेत असर परेको भन्दै गर्मी र जाडोका समयमा बिरामी पर्ने समस्या बढ्ने गरेको रेग्मीले बताए । पूर्वाधार अभावका कारण वृद्ध तथा दीर्घरोगी कैदीबन्दीको स्वास्थ्य सुरक्षा चुनौतीपूर्ण बनेपछि हालै सात जनालाई काठमाडौंस्थित कारागारमा स्थानान्तरण गरिएको उनले जानकारी दिए ।

नयाँ भवन निर्माणका लागि दशकअघि नै विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी योजना स्वीकृत गरिएको थियो । आर्थिक वर्ष २०७१/७२ मा निर्माण योजना स्वीकृत भए पनि भूकम्प र कोभिड महामारीका कारण बजेट उपलब्ध हुन नसकेको प्रशासनको भनाइ छ । *रासस*

मादी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ओखरबोटे, संखुवासभा

कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना

प्रकाशित मितिः २०८३/०७/२०

प्रस्तुत विषयको सम्बन्धमा यस कार्यालयबाट मिति २०८३/०५/२५ गते प्रकाशित सूचना बमोजिम निर्धारित समयसिमा भित्र शिलबन्दी बोलपत्र प्रणाली मार्फत रित पूर्वक पेश हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्रदाताको कबोल अंक न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र ठहर भएको हुनाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोहि ऐनको दफा ४७ बमोजिमको प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

क्र.सं	ठेक्का नं.	योजनाको नाम	सफल बोलपत्रदाताको नाम, ठेगाना	कबोल अङ्क रु. (मू.अ.क.र पि.एस. समेत)
१	MMNCB/W/01/2083-084	Construction Of Okharbote-Mawadin-Nundhaki (Bagha Khola- Nundhaki Khanda Sadak	श्री सुम्निमा निर्माण सेवा खाँदबारी-४, संखुवासभा	२,४१,०८५५६.६१

नि.प्रमख प्रशासकीय अधिकृत

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मिति : २०८३/०७/२० गतेको प्रभाव राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण वक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रकृया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

कमलादी शाखा, काठमाडौं

ऋणीको विवरण	संस्थागत जमानत दिनेको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प. लि. नम्बर ४९९/०५२/५३ अन्तर्गत मिति २०५३/१२/२९ मा दर्ता कायम भएको **के. वि. क्याव कम्पनी लिमिटेड** कम्पनी दर्ता ठेगाना : काठमाडौं म. न.पा. -३५, काठमाडौं **संचालकहरु : विजय प्रसाद लोहनी, कल्पना लोहनी र महेन्द्र प्रसाद गडतौला**	नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलू तथा साना उद्योग विभाग रुपन्देहीमा प्रा.फ.नं.घ.उ.वि. १०३५/०५२/५३ अन्तर्गत मिति २०५२/०५/०९ मा दर्ता कायम भएको **विश्वास रेडिमेड गार्मेन्ट** फर्म दर्ता ठेगाना : पडसरी -८, रुपन्देही **प्रोप्राइटर : विजय प्रसाद लोहनी**

व्यक्तिगत जमानत दिनेको विवरण

विजय प्रसाद लोहनी	कल्पना लोहनी	महेन्द्र प्रसाद गतौंला
ना.प्र.नं. ४६४२, जारी मिति : २०३८/०९/०८ जि.प्र.का. काठमाडौं बाबुको नाम : विष्णु प्रसाद लोहनी बाजेको नाम : रुद्र प्रसाद लोहनी स्थायी ठेगाना : काठमाडौं -९, काठमाडौं	ना.प्र.नं. ३८८७, जारी मिति : २०३९/०६/२५ जि.प्र.का. काठमाडौं पतिको नाम : विजय प्रसाद लोहनी ससुराको नाम : विष्णु प्रसाद लोहनी स्थायी ठेगाना : काठमाडौं -९, काठमाडौं	ना.प्र.नं. २५६४/९४४२४, जारी मिति : २०३७/०३/०५ जि.प्र.का. पाँचथर बाबुको नाम : महानन्द गतौंला बाजेको नाम : मोतिखर गतौंला स्थायी ठेगाना : यासोक -९, पाँचथर

धितोको विवरण (सवारी साधनको विवरण)

सवारी दर्ता नं.	इन्जिन नं.	च्यासिस नं.
Ba. A. Ja. 3699	6EDEV-147048	AEV-740297
Ba. A. Ja. 3700	6EDEV-147597	AEV-740548
Ba. A. Ja. 3701	6EDEV-147126	AEV-740538
Ba. A. Ja. 3702	6EDEV-146924	AEV-739460
Ba. A. Ja. 3703	6EDEV-146533	AEV-740137
Ba. A. Ja. 3704	6EDEV-146790	AEV-740352
Ba. A. Ja. 3705	6EDEV-147135	AEV-740347
Ba. A. Ja. 3706	6EDEV-146922	AEV-739564
Ba. A. Ja. 3707	6EDEV-147470	AEV-740512
Ba. A. Ja. 3708	6EDEV-147775	AEV-740372
Ba. A. Ja. 3709	6EDEV-147554	AEV-740501
Ba. A. Ja. 3710	6EDEV-146127	AEV-739375
Ba. A. Ja. 3711	6EDEV-147568	AEV-739781
Ba. A. Ja. 3712	6EDEV-147507	AEV-740370
Ba. A. Ja. 3713	6EDEV-147456	AEV-740408
Ba. A. Ja. 3714	6EDEV-147039	AEV-740390
Ba. A. Ja. 3715	6EDEV-147462	AEV-740349
Ba. A. Ja. 3716	6EDEV-147136	AEV-740464
Ba. A. Ja. 3717	6EDEV-147020	AEV-740377
Ba. A. Ja. 3718	6EDEV-147652	AEV-740466
Ba. A. Ja. 3719	6EDEV-147578	AEV-740559
Ba. A. Ja. 3720	6EDEV-148581	AEV-742013
Ba. A. Ja. 3721	6EDEV-146919	AEV-739164
Ba. A. Ja. 3722	6EDEV-146360	AEV-740164
Ba. A. Ja. 3723	6EDEV-146870	AEV-740107
Ba. A. Ja. 3724	6EDEV-146699	AEV-740088
Ba. A. Ja. 3725	6EDEV-147537	AEV-740497
Ba. A. Ja. 3726	6EDEV-146667	AEV-739436
Ba. A. Ja. 3727	6EDEV-146429	AEV-739396
Ba. A. Ja. 3728	6EDEV-146166	AEV-739399
Ba. A. Ja. 3729	6EDEV-146218	AEV-739492
Ba. A. Ja. 3730	6EDEV-146554	AEV-739517
Ba. A. Ja. 3731	6EDEV-146549	AEV-739538
Ba. A. Ja. 3732	6EDEV-146590	AEV-739559
Ba. A. Ja. 3733	6EDEV-146775	AEV-740183
Ba. A. Ja. 3734	6EDEV-146214	AEV-739373
Ba. A. Ja. 3735	6EDEV-146590	AEV-739559
Ba. A. Ja. 3736	6EDEV-146400	AEV-739408
Ba. A. Ja. 3737	6EDEV-146203	AEV-739438
Ba. A. Ja. 3738	6EDEV-146802	AEV-739471
Ba. A. Ja. 3739	6EDEV-146589	AEV-739515
Ba. A. Ja. 3740	6EDEV-146519	AEV-739525
Ba. A. Ja. 3741	6EDEV-146550	AEV-739547
Ba. A. Ja. 3742	6EDEV-147432	AEV-740373
Ba. A. Ja. 3743	6EDEV-147507	AEV-739921
Ba. A. Ja. 3744	6EDEV-147464	AEV-740270
Ba. A. Ja. 3745	6EDEV-146636	AEV-739485
Ba. A. Ja. 3746	6EDEV-147442	AEV-740323
Ba. A. Ja. 3747	6EDEV-147529	AEV-740561
Ba. A. Ja. 3748	6EDEV-147116	AEV-740511

नोट : यस बैंकको नाममा रोक्का रहेका माथि उल्लेखित सवारी साधनहरु जहाँ जे जस्तो अवस्थामा र जे जती परिणाममा छ सोही अवस्था र परिणममा लिलाम बिक्री गरिने भएकाले खरिद गर्न इच्छुक बोलकबोलदाताहरुले बोलपत्र पेश गर्नु हुन यसै सूचनाबाट जानाकारी गराइन्छ ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुड फर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO 3012610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ । साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनुहुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ । सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभएसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्रवापत बुझाएको सम्पूर्ण रकम बिना ब्याज फिर्ता दिइनेछ ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समयसीमा दिई बैंकले लिखित अनुरोध गर्न सक्नेछ । यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ । यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ मंसिर ४ गते (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८३ मंसिर ७ गते, समय : दिउँसो ३ बजे, स्थान : सम्बन्धित शाखा कार्यालय

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

प्रभाव दैनिक
National Daily

सम्पादकीय

बेलगाम सरकारमाथि कानूनी पाठ पढाइयोस्

जनताले चुनावबाट प्रकट गरेको अभिमत शासन सञ्चालन गर्ने जनादेशमात्रै हो । राज्यका सबै संस्थालाई मुठीमा राख्ने इजाजत पटक्कै होइन । तर, बालेन सरकार राज्यका संस्थाहरूलाई मुठीमा राख्न खोजिरहेका छन् । १७ महिना कार्यकाल छँदै नेपाल प्रहरीका महानिरीक्षकबाट दानबहादुर कार्कीलाई हटाउनु यसको पछिल्लो उदाहरण हो । यो प्रहरी संगठनको संस्थागत स्वायत्तता र विधिको शासनमाथिको गम्भीर प्रहार हो ।

त्यही भएर कार्कीलाई आईजीपीबाट हटाउनुको चित्तबुझ्दो कारण बालेन सरकारले दिन सकेको छैन । हटाउनु नै थियो भने लागेको भ्रष्टाचार आरोपमा कार्की दोषी ठहर हुनुपर्थ्यो । कानुनबमोजिमको सजाय भोग्नुपर्थ्यो । तर, सरकारले न आरोपको निष्पक्ष निरूपण गऱ्यो न संसदीय छानबिन उपसमितिको प्रतिवेदनले । यस्तोमा प्रधानमन्त्री बालेनको विशेष सुरक्षा सल्लाहकार बनाएर प्रहरी प्रमुखबाट हटायो । अझ अर्को आईजीपी नियुक्तीमा कुनै प्रक्रियासमेत पुरा नगरी तेस्रो वरीयताका मनोज केसीलाई नेतृत्व दिइयो ।

हेक्का रहोस्, प्रधानमन्त्री, प्रहरी प्रधानमन्त्रीको निजी सम्पत्ति होइन । न त आईजीपी सरकारको इच्छाअनुसार राख्ने र हटाउने खेलौना । प्रहरी संगठनको नेतृत्वमा राजनीतिक हस्तक्षेप बढ्दै जाँदा त्यसको असर अनुसन्धान, कानुन कार्यान्वयन र नागरिक सुरक्षासम्म पुग्छ । प्रहरीलाई आफ्नो नियन्त्रणमा राख्ने शासकको चाहना अन्ततः नागरिकको स्वतन्त्रतामाथि नै खतरा बन्न सक्छ ।

बालेन सरकारले आफूलाई पुरानो राजनीतिक संस्कारको विकल्पका रूपमा प्रस्तुत गरे पनि 'जुन जोगी आए पनि कानै चिरेका' उखान चरितार्थ पारेको छ । दुई तिहाइ नजिकको बहुमतले संविधानभन्दा माथि जाने अधिकार दिँदैन । प्रधानमन्त्रीको आदेश नै कानुन हुने हो भने लोकतन्त्र र निरंकुशतावीच के फरक रहन्छ ? अब परीक्षा न्यायालयको हुने भएको छ । किनभने दानबहादुर कार्कीले आफू अन्यायमा परेको भन्दै अदालतको ढोका ढकढक्याएका छन् । तर, बिहीबार उनको रिट निवेदन सर्वोच्च अदालतले दर्ता गरेन । अब तिहारपछि दर्ता होला । तर, कार्कीको रिट निवेदनलाई सामान्य सरुवाको विवाद ठानेर पन्छाउन मिल्दैन । पदमुक्तिको निर्णयको कानुनी आधार, प्रक्रिया र त्यसमा सम्भावित अधिकार दुरूपयोगको न्यायिक परीक्षण हुनुपर्छ । निर्णय गैरकानुनी ठहरिए कार्कीलाई न्याय दिलाउनुपर्छ ।

अदालतले बालेन सरकारको बहुमत होइन, संविधान हेर्नुपर्छ । प्रधानमन्त्रीको शक्ति होइन, कानुनको सर्वोच्चता स्थापित गर्नुपर्छ। बालेनको सत्ता महत्वाकांक्षालाई संविधानको सीमाभित्र राख्नुपर्छ । किनकि सरकार परिवर्तन भइरहन्छ, तर राज्यका संस्था स्थायी हुन्छन् । प्रहरीलाई सत्ताको आदेशपालक बनाउने छुट कसैलाई छैन । प्रहरी सत्ताको होइन, संविधान र नागरिकको सेवक हुनुपर्छ । यही मान्यता स्थापित गर्न नसकिए आज एउटा आईजीपी अन्यायमा पर्नेछन्, भोलि सिंगो प्रहरी संगठन सत्ताको छायामा पर्नेछ ।

पारदर्शी भर्ना प्रक्रिया: सबल संस्था निर्माणको दरिलो आधार



■ सुभाष कोइराला

> मानव संसाधन बृहत् कार्य गर्ने क्षेत्र हो । यसका विभिन्न अवयवहरूले निरन्तर कार्य गरिरहेका हुन्छन् । कुनै पनि अवयवको न्यून उपयोग हुनु भनेको लिखित कागजात तथा प्रमाणमा आफू कमजोर हुनु हो । अतः आन्तरिक एवं बाह्य परीक्षणमा सुधार गर्न र सही एवं उच्च चालचलनको मानव स्रोत भित्र्याउन गरिने यो प्रक्रियाको अवलम्बन हरेक संस्थाले गर्नु अनिवार्य रहेको छ । अनिमात्र मानव संसाधन पेसागत हुने कार्यमा बल पुग्न जाने देखिन्छ ।

मानव संसाधन विशुद्ध कर्मचारीसँग सम्बन्धित विषय भएको र सो कार्य गर्ने मानव संसाधन विभाग रहेकामा कसैको विमति रहँदैन । नेपालमा विगतमा कर्मचारी प्रशासन भनिने यस विभागको कार्य निकै संकुचित भएता पनि वर्तमान अवस्थामा भने यस विभागको महत्त्वलाई विशेषरूपमा सम्बन्धित संस्थाको कर्मचारी विनियमावली वा मानव संसाधन वा सरकारीतर्फ ऐनले सम्बोधन गरी नियमानुसार कार्य गर्न सघाउ पुऱ्याउने गर्दछ । जेसुकै नाम दिइएको भएता पनि संस्थाको प्रकृति, आवश्यकता, क्षमतार कार्यका आधारमा भने लगभग एकैखालको कार्य सम्पन्न हुने गर्दछ ।

अध्ययनपश्चात् सुरु भएको जागिरे जीवनमा विभिन्न संस्थामा व्यावहारिक ज्ञान लिने अवस्था आइपऱ्यो । संस्थाअनुसारको प्रयोग, फरक संस्कृति, नियम कानुन र नवीनतम प्रयोग तथा व्यावहारिकताले परिपक्व बनाउँदै आफैंलाई समयानुसार परिस्कृत गर्ने मौका जुर्न गयो । संस्थागत अनुभव बृहत् भएता पनि उठान गरिएको विषय भने अत्यन्त आवश्यक विधामा रहेको तर न्यून प्राथमिकतामा परेको विषय रहेको देखिन्छ ।

जुनसुकै पदमा पनि नियुक्ति दिँदा मानव संसाधनको विभिन्न अवयवहरूको चरणबाट गुज्रिनुपर्ने अनिवार्यता रहन्छ । सुरुमा दरखास्त माग गर्नु, स्वीकृत गर्नु, छनोट परीक्षाका विभिन्न चरणहरू आवश्यकताका आधारमा सम्पन्न गर्नु, अन्तर्वार्ता लिनु अनि उम्मेदवार छनोट गरी नियुक्ति दिनु रहेका छन् । नियमित कार्यले मात्र छनोट भएका उम्मेदवारको बारेमा सम्बन्धित सूचना प्राप्त गर्न र सही उम्मेदवारलाई नियुक्ति दिन कठिन हुने भएकाले सूचना प्रविधिको युगमा समयमै सही सूचना लिनु र सुरक्षा प्रविधिका विविध प्रयोगले आफूले छनोट गरेको उम्मेद्वारमार्फत व्यवसाय पनि चुस्त बनाउनु जरुरी हुन्छ ।

विगतमा सूचना प्रविधि तथा जोखिमको न्यूनीकरण गर्न लगानीसमेत नहुने परिपाटीले सूचना र तथ्यांकको अस्पष्टपना, दोहोरोपना र सही सञ्चार नभई सहीरूपमा विश्लेषण गर्न चुनौती रहेको देखिएबाट परिवर्तित हुँदै आजको सूचना प्रणाली र प्रविधि प्रयोग गरी कर्मचारी छनोटमासमेत अब्बल देखाउन र लाभ लिन तथा आवेदकहरूमध्येबाट सही उम्मेदवारको छनोट गर्ने गरिएको पाइन्छ । तर छनोटपश्चात् नियुक्तिपूर्व आवेदकको सन्दर्भ परीक्षण तथा पृष्ठपोषक लिने कार्य भने विभिन्न क्षेत्रमा व्यावहारिकरूपमा प्रयोग नहुनु र प्रयोग भएको संस्थामासमेत अपूर्ण रहनु दुर्भाग्य नै मान्नु पर्दछ ।

यो विषय कर्मचारी वा प्रतिनिधिको छनोट भइसकेपछि नियुक्ति दिनु अगाडि निजको वास्तविकरूपमा आर्थिक, सामाजिक, राजनीतिक चालचलन, व्यहोरा, विगतका कुनै अक्षम्य करतुत, कार्यक्षमता, निष्ठा, कर्मचारीप्रतिको धारणा वा आफ्नो संस्थाका अन्य आवश्यकता आदिबारे आवेदकले व्यक्तिगत विवरणमा खुलाएका र निजलाई राम्रोसँग पहिचान गर्ने (आफन्तबाहेक) सान्दर्भिक व्यक्तित्व वा निजले उल्लेख गरेको पूर्ववत् सुपरभाइजर, लाइन मेनेजर वा हाकिमका माध्यमबाट लिखित जानकारी लिने कार्य हो ।

सरकारी निकाय

सरकारी निकाय तथा मन्त्रिपरिषद्को निर्णयमार्फत नियुक्ति हुने पदहरूमा यस विषयसँग सम्बन्धित कार्य गरेको पाइँदैन । सरकारी कार्यालयका लागि लोकसेवामा लिखित र अन्तर्वार्ता उत्तीर्ण गरेपछि सोझै नियुक्तिपत्र दिई पदस्थापना गर्ने प्रचलन छ । देशका भावी सेवकहरूको असल चालचलन हुन आवश्यक रहेबाट लोकसेवामा उत्तीर्ण भई नियुक्तिका पर्खाइमा रहेका उम्मेदवारका लागि सम्बन्धित व्यक्तिले आफ्नो स्थानीय क्षेत्रको प्रहरी कार्यालयबाट असल चालचलनपत्र पेस गर्नुपर्ने आवश्यकता टड्कारोरूपमा देखिन्छ ।

यसले विगतमा गरेको गलत चालचलनपछि सरकारी सेवामा प्रवेश गर्ने बाटोलाई सधैंका लागि किनारा लगाउन सहयोग पुग्दछ । यस्तो प्रक्रिया भारतका केही राज्यमासमेत रहेको पाइन्छ तर मन्त्रिपरिषद्बाट नियुक्त प्रदान गर्ने पद भएमा भने छनोट भइसकेका तर नियुक्ति गर्नुअघि भने उठान भएको विषयलाई उच्च रूपमा पालना गर्नसके उच्च चरित्रका उम्मेदवारले मात्र नियुक्ति पाउने सम्भावना बढी देखिन्छ ।

राजदूत सिफारिस तथा राजनीतिक नियुक्ति

राजनीतिक वा मन्त्रिपरिषद्मार्फत नियुक्ति हुने केही पद (राजदूत तथा संवैधानिक पद) हरूमा भने संसदीय समितिमार्फत उजुरी लिने, छानबिन गर्ने प्रक्रिया भएको पाइन्छ । सुनुवाइ पृष्ठपोषकको एक माध्यम हो तर सन्दर्भ र पृष्ठपोषकजस्तै पूर्ण हुन सक्दैन । विभिन्न निकायमा सिफारिस भएकाहरू पनि अस्वीकृत भएका अनेक उदाहरण छन् तर संसदीय सुनुवाइअनुसार उत्तीर्ण नहुने व्यक्तित्वहरूलाई नियुक्ति प्रदान गर्न दबाब दिनु भने गैरमनासिव कार्य हो ।

विगतमा आवेदन माग गर्ने, प्रक्रिया पुऱ्याउने तर आफन्तलाई पोस्ने गरी सोझै नियुक्ति गर्ने प्रचलनमा केही परिवर्तन भई हाल आवेदन माग्ने, अन्तर्वार्ता वा प्रस्तुतीकरण गर्ने कार्यबाट नियुक्ति दिने गरिएको देखिन्छ । यो प्रक्रियामा पनि त्रुटि प्रसस्तै पाइएका छन् । यसका लागि विगतमा वा पछिल्लो कार्य गरेको संस्थाबाट वा आवेदकले उल्लेख गरेका व्यक्तिबाट सन्दर्भ र पृष्ठपोषक लिन आवश्यक रहेको देखिन्छ । साथै, स्थानीय प्रहरीको चालचलन प्रमाणपत्रसमेत पेस गर्न आवश्यक हुन्छ । साथै, आवश्यकताका आधारमा विदेशका निकायबाटसमेत प्रमाण संकलन गरी निर्णय गर्ने अभ्यास गरेको अवस्थामा गलत व्यक्तिको नियुक्तिमा तगारो लगाउन सकिन्छ ।

अन्तर्राष्ट्रिय निकाय तथा संघसंस्थाहरू

नेपालमा विभिन्न प्रकारका निकाय कार्यरत रहेका छन् । अभ्यास भने आ-आफ्नै रहेको छ । अधिकांश संस्थाको न्यूनतम आवश्यकता सन्दर्भ तथा पृष्ठपोषकबारे लिखित जानकारी माग गरेपश्चात् नियुक्ति प्रदान गर्ने रहेको पाइन्छ । यो एक प्रकारको मानव संसाधन परीक्षण गर्दा आवश्यक पर्ने लिखत दस्तावेज हो, जुन बाहच मानव संसाधन परीक्षण गर्दा सम्परीक्षण गर्ने गरिन्छ । अतः ती निकायहरूमा उठान विषयबारे पूर्णकार्यान्वयन भएको पाइन्छ ।

बिमा तथा निजी कम्पनीहरू

नेपालका विभिन्न कम्पनीहरूमा श्रम ऐनले तोकेको मापदण्डअनुसार तयार भएका आफ्नै नियमावली प्रयोगमा रहेका छन् तर कर्मचारीको क्षमता, संस्थाको आवश्यकता, व्यावहारिक कठिनाइ र सीमितताका कारणले सन्दर्भ र पृष्ठपोषकबारे न छलफल हुन्छ न प्रयोग । मानव संसाधन विभागलाई स्वतन्त्रपूर्वक कार्य गर्ने अख्तियारी कमै प्रदान गरिएको तथा आवश्यकताका आधारमा वा टाउके प्रणाली (हेड हन्टिङ)को सिफारिसमा ल्याइएका व्यक्तिगत विवरणहरूको परिक्षण अन्तर्वार्ताका माध्यमबाट हुने, विज्ञापनबाट आएका आवेदनहरूबाट भएका छनोट गर्ने व्यवस्था, आफन्तलाई भर्ना गर्ने प्रचलन, लक्ष्य प्राप्त गर्ने हुटहुटीले उपयुक्त ठानेका उम्मेदवार फुस्किने कारणले पृष्ठपोषक वा सन्दर्भ परीक्षण गर्न प्रायः असम्भव रहेको देखिन्छ ।

बैंक तथा वित्तीय संस्थाहरू

बैंक तथा वित्तीय संस्थाहरूमा भने संस्थाअनुसार केही फरक व्यवस्था रहेको पाइन्छ । स्टाण्डर्ड चार्टर्ड बैंकको हकमा भने विदेशी कम्पनीमार्फत हुने भएको देखिँदा लिखितमा नहुने प्रश्नै भएन तर अन्य बैंकहरूमा भने सन्दर्भ र पृष्ठपोषक टेलिफोनमार्फत हुने तर लिखितमा कमै प्रयोग हुने गर्दछ । कुनैले आवश्यकताअनुसार लिखितरूपमै राख्नेसमेत गर्दछन् । यस प्रसंग मानव संसाधनको विभिन्न फोरममासमेत उठने भएता पनि संस्थाको नीति, नियम तथा विनियमावलीमा निर्देशन भएअनुसार नै हुने भन्ने जानकारी पाइयो ।

विकास बैंकका हकमा भने सिफारिसमा स्वयं घोषणालाई नै सन्दर्भका रूपमा बुझिएको रहेछ तर लिखितमा पृष्ठपोषकका कागजात नराखिने रहेछ । त्यस्तै अन्यका हकमा टेलिफोनमार्फत बुझ्ने कार्य नै विषयवस्तुको पृष्ठपोषक तथा सन्दर्भ परीक्षण रहेको भन्ने बुझाइ देखिन्छ । जे होस् बैंक तथा वित्तीय संस्थामा प्रहरी चालचलन तथा स्वास्थ्य प्रतिवेदन नै मुख्य पृष्ठपोषकको रूपमा रहेको देखिन्छ । यसका अलावा लिखितरूपमा व्यक्तिगत विवरणमा उल्लिखितअनुसार सन्दर्भ (रेफरेन्स) परीक्षण तथा पृष्ठपोषक परीक्षण लिने र राख्ने कार्यमा यो क्षेत्र पनि कमजोर नै रहेको देखिन्छ । जुन मानव संसाधनको भर्ना तथा छनोट गर्ने क्रमको मुख्य कार्य रहेको मानिन्छ ।

निष्कर्ष:

मानव संसाधन बृहत् कार्य गर्ने क्षेत्र हो । यसका विभिन्न अवयवहरूले निरन्तर कार्य गरिरहेका हुन्छन् । कुनै पनि अवयवको न्यून उपयोग हुनु भनेको लिखित कागजात तथा प्रमाणमा आफू कमजोर हुनु हो । अतः आन्तरिक एवं बाहच परीक्षणमा सुधार गर्न र सही एवं उच्च चालचलनको मानव स्रोत भित्रचाउन गरिने यो प्रक्रियाको अवलम्बन हरेक संस्थाले गर्नु अनिवार्य रहेको छ । अनिमात्र मानव संसाधन पेसागत हुने कार्यमा बल पुग्न जाने देखिन्छ । *रासस*

(लेखक नेपाल व्यवस्थापन संघका पूर्वकार्यकारी निर्देशक हुन्)

श्रम सरोकार

निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको टचाग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।

पाठक मञ्च

नवनियुक्त प्रहरी महानिरीक्षकसँग नागरिकको अपेक्षा

मुलुकको शान्ति-सुरक्षा, अमनचयन र नागरिक अधिकारको रक्षा गर्ने सर्वोच्च जिम्मेवारी बोकेको नेपाल प्रहरीले डा. मनोज केसीको रूपमा आफ्नो ३४औं महानिरीक्षक (आइजिपी) प्राप्त गरेको छ । अपराध अनुसन्धानका क्षेत्रमा लामो अनुभव, बौद्धिक क्षमता र उच्च व्यावसायिक छवि बनाएका एक दक्ष अधिकृत प्रहरी संगठनको सर्वोच्च नेतृत्वमा पुग्नु सम्पूर्ण नागरिक तथा व्यावसायिक प्रहरी टोलीका लागि आशा र उत्साहको विषय हो । यस सुखद् अवसरमा नवनियुक्त प्रहरी महानिरीक्षक डा. केसीलाई हार्दिक बधाइ तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

नेपाल प्रहरी केवल एउटा प्रशासनिक वा सुरक्षा निकायमात्र होइन; यो त समस्या र विपद्मा परेका आमनागरिकले सबैभन्दा पहिले सम्झिने राज्यको प्रत्यक्ष उपस्थिति हो । 'सत्य, सेवा, सुरक्षणम्' को मूल मन्त्र बोकेको प्रहरी संगठनप्रतिको जनविश्वास बलियो हुनु नै लोकतान्त्रिक शासन व्यवस्थाको सफलताको आधारशिला हो । नयाँ आइजिपी डा. केसीको विगतको कार्यशैली, निष्ठा र निडरताले प्रहरी संगठनप्रति सर्वसाधारणको गुमेको विश्वास पुनः जागृत गराउने अपेक्षा गरिएको छ ।

डा. केसी काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रमुख रहँदा चर्चित नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धानलाई जसरी अगाडि बढाए, त्यसले देश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीहरूमा एउटा नयाँ आशाको सञ्चार गराएको थियो । ठूला राजनीतिक र प्रशासनिक पहुँच भएका व्यक्तिहरूसमेत संलग्न रहेको उक्त जटिल एवं संवेदनशील अपराधको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनको दायरामा ल्याउन उनले देखाएको साहस अनुकरणीय थियो । त्यसबाहेक केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) मा रहँदा 'फेक रेस्क्यु' ठगी, स्मार्ट टेलिकम अनियमितता, धितोपत्र तथा बिमा ठगी, क्रिप्टोकरेन्सी अपराध र सरकारी जग्गा अतिक्रमणजस्ता संगठित र जटिल वित्तीय अपराधहरूमा उनले निभाएको भूमिकाले उनको व्यावसायिक दक्षता प्रस्ट पार्छ ।

नेपाल प्रहरीमा पहिलोपटक स्थापना गरिएको स्टाफ कलेजका संस्थापक निर्देशक हुनुका साथै प्रहरी विज्ञानमा स्नातकोत्तर तहको पाठ्यक्रम निर्माणमा योगदान पुऱ्याएका डा. केसीसँग कम्बोडियाबाट द्वन्द्व रूपान्तरणमा विद्यावारिधि र संयुक्त राष्ट्रसंघीय शान्ति मिसनहरूको अन्तर्राष्ट्रिय अनुभव पनि छ । उनको उच्च शैक्षिक पृष्ठभूमि र बहुआयामिक व्यक्तित्वले प्रहरी संगठनलाई आधुनिक, प्रविधिमैत्री र वैचारिकरूपमा परिपक्व बनाउन ठूलो मद्दत पुग्ने छ ।

तथापि, यो महत्त्वपूर्ण जिम्मेवारी उत्साहजनकमात्र छैन, उत्तिकै चुनौतीपूर्ण र उत्तरदायित्वले भरिएको पनि छ । वर्तमान समयमा प्रहरी संगठनभित्र र बाहिर अनेकौं जटिल समस्याहरू विद्यमान छन् । प्रहरी प्रशासनमा हुने अनुचित राजनीतिक हस्तक्षेप रोक्नु, वृत्तिविकास र सरुवा-बढुवा प्रणालीलाई पूर्णरूपमा पारदर्शी एवं न्यायोचित बनाउनु र तल्लो तहका प्रहरी जवानहरूको मनोबल उच्च राख्नु नयाँ नेतृत्वका लागि प्रमुख प्राथमिकता हुनुपर्छ । संगठनभित्रको शुद्धीकरण र चेन अफ कमाण्डको अक्षुण्ण पालना विनाबाहच सुरक्षा व्यवस्था सुदृढ हुन सक्दैन ।

अर्कोतर्फ, आजको आधुनिक युगमा साइबर अपराध, क्रिप्टोकरेन्सी ठगी, वित्तीय अनियमितता, मानव बेचबिखन र अन्तरदेशीय संगठित अपराधहरू निकै जटिल बन्दै गएका छन् । यस्ता प्रविधिमा आधारित अपराधहरूको नियन्त्रणका लागि परम्परागत अनुसन्धान शैली पर्याप्त हुँदैन । नयाँ आइजिपीले नेपाल प्रहरीको अनुसन्धान प्रणालीलाई अत्याधुनिक प्रविधि, आर्टिफिसियल इन्टेलिजेन्स र दक्ष जनशक्तिले सुसज्जित बनाउनुपर्ने टड्कारो आवश्यकता छ ।

यसैगरी, समाजमा व्याप्त लागुऔषध दुर्व्यसनी, महिला तथा बालबालिकामाथि हुने हिंसा, सडक दुर्घटना र आपराधिक गतिविधि नियन्त्रणमा नागरिक-प्रहरी साझेदारीलाई थप प्रभावकारी बनाइनुपर्छ । जबसम्म सामान्य नागरिकले प्रहरी चौकीमा जाँदा सुरक्षा र न्यायको अनुभूति गर्दैनन्, तबसम्म शान्ति-सुरक्षाको प्रत्याभूति पूर्ण हुन सक्दैन । सर्वसाधारणका लागि प्रहरी कार्यालयको पहुँच सहज र मैत्रीपूर्ण हुनुपर्छ ।

राजनीतिक दबाब र प्रभाववाट मुक्त रहेर निष्पक्षरूपमा कानुनको कार्यान्वयन गर्नु नै नयाँ महानिरीक्षकको सबैभन्दा ठूलो परीक्षा हुने छ । अपराधी जुनसुकै दल, ओहोदा वा शक्तिको छत्रछायामा भए पनि कानुनको कठघरामा उभ्याउने दृढता डा. केसीले आफ्नो विगतको यात्रामा देखाएकै छन् । यही निडरता, निष्ठा र व्यावसायिकतालाई संगठनको सर्वोच्च पदमा रहँदा पनि निरन्तरता दिन सक्नुपर्छ । अन्त्यमा, डा. मनोज केसीको नेतृत्वमा नेपाल प्रहरीले व्यावसायिकता, पारदर्शिता, प्रविधिमैत्री अनुसन्धान र जनउत्तरदायी सेवाका क्षेत्रमा नयाँ उचाइ हासिल गर्ने छ भन्ने दृढ विश्वास छ । उनको सम्पूर्ण कार्यकाल ऐतिहासिक, सफल र अनुकरणीय रहोस्, पुनः हार्दिक शुभकामना !

- **यशोधा थापा**
सामाखुसी, काठमाडौं

लुम्बिनीका अधुरा योजना र संरक्षणका चुनौती

■ कमल रायमाझी



रूपन्देही– लुम्बिनी विकास कोषमा नयाँ नेतृत्व आएसँगै बुद्ध जन्मस्थल लुम्बिनीको विकासलाई कुन दिशामा अगाडि बढाउने भन्ने बहस सुरु भएको छ।

सरकारले लुम्बिनी विकास कोषको उपाध्यक्षमा आनी छोइङ डोल्मा र सदस्यसचिवमा इञ्जिनियर सन्तोष पाण्डेयलाई नियुक्त गरेसँगै कोषमा नयाँ जिम्मेवारी र अपेक्षा थपिएका छन्। नयाँ नेतृत्वसामु वर्षौंदेखि अधुरो रहेको गुरुयोजना पूरा गर्ने, रोकिएका आयोजना अघि बढाउने र पुरातात्त्विक सम्पदाको संरक्षण गर्ने चुनौती छन् तर लुम्बिनीको विकासलाई भौतिक पूर्वाधार निर्माणमामात्रै सीमित नराखी बुद्धका उपदेश, दर्शन र शान्तिको सन्देशसँग जोड्नु अहिलेको आवश्यकता देखिएको छ।

सन् १९७८ मा जापानी वास्तुविद् केन्जो टाँगेले तयार पारेको लुम्बिनी गुरुयोजना कार्यान्वयन सुरु भएको झण्डै ४८ वर्ष बितिसक्दा पनि पूर्णता पाउन सकेको छैन। गुरुयोजनाअनुसार १७ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको विकास कार्य लामो समयदेखि अधुरै छ। यसबीच लुम्बिनीमा विभिन्न भौतिक संरचना निर्माण भए पनि गुरुयोजनाको मूल मर्मअनुसार लुम्बिनीलाई अध्यात्मिक, शान्तिपूर्ण र आनन्ददायी गन्तव्यका रूपमा विकास गर्ने कामले अपेक्षित गति लिन सकेको छैन।

लुम्बिनीको विकास भन्नासाथ भवन, सडक, पार्क, सम्मेलन केन्द्र र अन्य भौतिक संरचना निर्माणलाई मात्रै प्राथमिकता दिने प्रवृत्तिमा परिवर्तन आवश्यक रहेको सरोकारवालाको धारणा छ। लुम्बिनीमा आउने पर्यटक केही समय घुम्ने, तस्बिर खिच्ने र दृश्यावलोकन गरेर फर्किने अवस्था अन्त्य गर्दै उनीहरूलाई केही दिन बस्न, बुद्ध दर्शन बुझ्न, ध्यान गर्न र आध्यात्मिक आनन्द अनुभूति गर्नसक्ने वातावरण बनाउनुपर्ने आवश्यकता औंल्याइएको छ।

लुम्बिनी बौद्ध विश्वविद्यालयमा प्रध्यापन गर्ने सुरज घिमिरे लुम्बिनी संसारको ध्यान आकर्षित भएको महत्त्वपूर्ण आध्यात्मिक क्षेत्र भएकाले नयाँ नेतृत्वले यसको विशिष्टता बुझेर काम गर्नुपर्ने बताउँछन्। उनका अनुसार लुम्बिनीलाई भौतिक संरचनाको विकासमामात्रै सीमित राख्नु हुँदैन। बुद्धले दिएका उपदेश, शान्ति, करुणा, मैत्री र मानव कल्याणका सन्देशलाई विकासको आधार बनाउनुपर्छ।

लुम्बिनी आध्यात्मिकरूपमा विश्वकै महत्त्वपूर्ण क्षेत्र भएकाले यसले संसारभरिका मानिसलाई शान्तिको सन्देशसहित आकर्षित गरिरहेको घिमिरेको भनाइ छ। लुम्बिनीलाई बौद्ध धर्मावलम्बीको मात्रै तीर्थस्थल नभई संसारभरिका मानिसले शान्ति, ध्यान र आध्यात्मिक आनन्द प्राप्त गर्न सक्ने अन्तर ाष्ट्रिय गन्तव्यका रूपमा विकास गर्नुपर्ने उनी बताउँछन्। समाजशास्त्री तथा त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक उमेशचन्द्र रिजाल लुम्बिनीलाई अन्तर्राष्ट्रियस्तरमा नेपालको महत्त्वपूर्ण पहिचान र 'ब्राण्ड'का रूपमा विकास गर्नुपर्ने बताउँछन्। उनका अनुसार लुम्बिनीलाई संसारभरिका मानिसले शान्ति र आध्यात्मिक अनुभूति प्राप्त गर्न सक्ने साझा स्थलका रूपमा विकास गर्नुपर्छ।

लुम्बिनीको महत्त्व धार्मिक आस्थामामात्रै सीमित नरहेको उल्लेख गर्दै रिजालले यसको विश्वव्यापी पहिचान, आध्यात्मिक महत्त्व र सांस्कृतिक सम्पदालाई एकीकृतरूपमा प्रवर्द्धन गर्नुपर्ने धारणा राखेका छन्। लुम्बिनीको विकासमा सरकार, विकास कोष, स्थानीय समुदाय, विश्वविद्यालय, धार्मिक संस्था र अन्तर्राष्ट्रिय समुदाय सबैको साझा दायित्व रहेको उनको भनाइ छ।

लुम्बिनीको अर्को महत्त्वपूर्ण पक्ष पुरातात्त्विक सम्पदाको संरक्षण हो। पुरातात्त्विक विषयका विद्यार्थी शशी पन्थी लुम्बिनी धार्मिक तथा आध्यात्मिक क्षेत्रका रूपमामात्र नभई विश्वकै महत्त्वपूर्ण पुरातात्त्विक क्षेत्रका रूपमा पनि परिचित रहेको बताउँछन्। त्यसैले यहाँको विकास गर्दा पुरातात्त्विक महत्त्व, ऐतिहासिक प्रमाण र मौलिक संरचनाको संरक्षणलाई प्राथमिकता दिनुपर्ने उनको धारणा छ।

लुम्बिनीको विकास गुरुयोजनाको अधुरो काम पूरा गर्ने विषयमामात्रै सीमित हुनुहुँदैन। समय, प्रविधि, पर्यटनको स्वरूप र विश्वव्यापी आवश्यकतामा आएको परिवर्तनलाई ध्यानमा राखेर गुरुयोजनाकोपुनरावलोकन गर्नुपर्ने आवश्यकता पनि देखिएको छ। पुरानो गुरुयोजनाको मूल मर्म र ऐतिहासिक महत्त्वलाई सुरक्षित राख्दै अहिलेको समयानुकूल लुम्बिनीको समग्र विकासको नयाँ अवधारणा तयार गर्नुपर्ने सरोकारवालाको जोड छ।

लुम्बिनीको विकासलाई बुद्धकालीन सभ्यतासँग जोड्ने विषय पनि उत्तिकै महत्त्वपूर्ण छ। बुद्धकालीन रोहिणी सभ्यता, रोहिणी नदी, शाक्य-कोलीय सम्बन्ध, देवदह, तिलौराकोट, कुदान, निग्लिहवा, सगरहवा, गोटिहवा र रामग्राम स्तूपलगायत क्षेत्रलाई एकीकृत बौद्ध सांस्कृतिक तथा पुरातात्त्विक पर्यटन सर्किटका रूपमा विकास गर्न सकिन्छ। विशेषगरी रोहिणी नदीसँग जोडिएको बुद्धकालीन सभ्यताको ऐतिहासिक महत्त्वलाई उजागर गर्दै यसको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक छ।

बुद्धले आफ्नो जीवनकालमा दिएका शान्ति, सहअस्तित्व, करुणा र संवादका सन्देशलाई लुम्बिनीको पर्यटनसँग जोड्न सके यस क्षेत्रको महत्त्व अझ व्यापक बन्नसक्छ। ध्यान, विपश्यना, बौद्ध अध्ययन, सांस्कृतिक अन्तरक्रिया, शान्ति पदयात्रा र स्थानीय जीवनशैलीसँग पर्यटकलाई जोड्ने कार्यक्रमले लुम्बिनीमा पर्यटकको बसाइ अवधि बढाउन सहयोग पुग्नसक्छ। यसबाट स्थानीय समुदायको आर्थिक तथा सामाजिक सहभागिता पनि बढाउन सकिन्छ।

लुम्बिनी विकास कोषको जिम्मेवारी भौतिक संरचना निर्माणमामात्रै सीमित छैन। बुद्ध जन्मस्थल लुम्बिनीसहित कपिलवस्तुको तिलौराकोट, कुदान, निग्लिहवा, सगरहवा, गोटिहवा, रूपन्देहीको देवदह र पश्चिम नवलपरासीको रामग्राम स्तूपलगायत बौद्ध सम्पदाको संरक्षण तथा विकास कोषको दायित्वभित्र पर्दछ। यी क्षेत्रलाई एउटै बौद्ध सांस्कृतिक सभ्यताको ऐतिहासिक सम्बन्धमा जोडेर विकास गर्नसके लुम्बिनी आउने पर्यटकलाई लामो समयसम्म यस क्षेत्रमा राख्न सकिने सम्भावना छ। गुरुयोजना कार्यान्वयनका क्रममा निर्माण भएका केही संरचनाको गुणस्तर र उपयोगितामाथि पनि प्रश्न उठ्दै आएका छन्। *रासस*

युएइ/कुवेतमा रोजगार

कम्पनी : GEYON BEAUTY LOUNGE - SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०२/१३ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०७/१९ LT. No. 342731 चलानी नं. ६०२५६०७७

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब AED	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Hairdresser	0	4	1500	६१,८०९	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Cleaner	0	1	1500	६१,८०९							
3.	Beverage Maker	0	2	1500	६१,८०९							
4.	Barber	0	2	1500	६१,८०९							
5.	Assistant Technician/Telecommunication	0	3	1500	६१,८०९							
6.	Assistant Accountant	0	2	1500	६१,८०९							

कम्पनी : EVOLA LADY BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०७/१८ LT. No. 349972 चलानी नं. ६०२६३१०५

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब KD	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Beautician/ Manicure Pedicure	0	3	150	७३,०६६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २३ गते (9th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५९५/– कामदारले तिर्ने	रु. १,५००/– कामदार आफैंले	नि:शुल्क	रु.७००/– कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. १६६९/०८०/०८१

ASLIYA MANPOWER SUPPLY PVT. LTD.
Kathmandu Metropolitan City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456

UPPER SYANGE HYDROPOWER LTD.

KATHMANDU, NEPAL

Condensed Statement of Financial Position (Unaudited)
As on 31st Ashwin, 2083, 1st Quarter F.Y. 2083/84

Particulars	This Quarter Ending Ashwin End, 2083	Immediate Previous Year Ending (Audited) Ashadh End, 2083
ASSETS		
A. Non Current Assets		
Property, Plant & Equiptment	1,444,837	1,525,973
Intangible Assets	433,455,213	437,677,845
Work in Progress (WIP)	3,007,229	-
Investments	125,348,388	125,348,388
Total Non Current Assets	**563,255,667**	**564,552,206**
B. Current Assets		
Inventory	-	-
Cash and Bank	20,475,413	21,771,392
Deposit, Advance & Receiva	27,358,797	22,864,953
Total Current Assets	**47,834,210**	**44,636,345**
Total Assets (A+B)	**611,089,877**	**609,188,551**
Equity and Liabilities		
C. Equity		
Share Capital	220,000,000	220,000,000
Reserves & Surplus	7,985,717	2,721,010
Total Equity	**227,985,717**	**222,721,010**
D. Non Current Liabilities		
Long Term Loan	323,700,000	327,700,000
Retention Money Payable	-	-
Deferred Tax Liabilities	5,502,722	5,502,722
Total Non Current Liabilitie	**330,778,835**	**334,594,061**
E. Current Liabilities		
Short Term Loan	50,041,720	48,541,720
Accounts & Others Payables	2,283,605	3,331,760
Provisions	-	-
Total Current Liabilities	**52,325,325**	**51,873,480**
Total Liabilities (C+D+E)	**611,089,877**	**609,188,551**

Unaudited Condensed Statement of Profit or Loss and Other Comprehensive Income
For the quarter ended on 31st Ashwin 2083, 1st Quarter 2083/84

Particulars	This Year: This Quarter	This Year: Up to this Quarter (YTD)	Corresponding Previous Year: This Quarter	Corresponding Previous Year: Up to this Quarter (YTD)
Revenue from Operation	20,175,915	20,175,915	18,948,395	18,948,395
Cost of Operation	(463,518)	(463,518)	(771,994)	(771,994)
Gross Profit/ (Loss)	**19,712,397**	**19,712,397**	**18,176,401**	**18,176,401**
Other Income	1,301	1,301	957	957
Total Income/(Loss) from Ope	**19,713,698**	**19,713,698**	**18,177,358**	**18,177,358**
Employee Benefit Expenses	(1,978,922)	(1,978,922)	(2,442,280)	(2,442,280)
Depreciation and Amortisation	(4,325,769)	(4,325,769)	(4,308,103)	(4,308,103)
Administrative Expenses	(2,027,888)	(2,027,888)	(2,835,318)	(2,835,318)
Operation Profit / (Loss)	**11,381,119**	**11,381,119**	**8,591,657**	**8,591,657**
Finance Cost	(6,008,969)	(6,008,969)	(7,656,780)	(7,656,780)
Profit / Loss Before Staff Bonu	**5,372,150**	**5,372,150**	**934,877**	**934,877**
Staff Bonus	(107,443)	(107,443)	(18,698)	(18,698)
Profit / Loss Before Tax	**5,264,707**	**5,264,707**	**916,179**	**916,179**
Income Tax For Previous Years	-	-	-	-
Profit (Loss) For The Year	**5,264,707**	**5,264,707**	**916,179**	**916,179**
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**5,264,707**	**5,264,707**	**916,179**	**916,179**

Notes:
1. The above mentioned figures are subject to changes during statutory audit.
2. This condensed financial statement has been prepared complying relevant NFRS.
3. Previous period figures are regrouped wherever necessary.

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४, नियम २६ को उपनियम (१) सँग सम्बन्धित आ.व. २०८३/८४ को प्रथम त्रैमासिक प्रतिवेदन

१) वित्तीय विवरण

क) यस त्रैमासिक अवधिका वासलात, नाफारनोक्सान सम्बन्धी विवरण:
यस संस्थाको आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक अवधिको वित्तिय अवस्था सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ।

ख) कम्पनी प्रमुख वित्तीय अनुपातहरू:

प्रति शेयर आम्दानी वार्षिक रु.	९.५७	तरलता अनुपात (प्रतिशतमा)	९१.४२
प्रति शेयर नेटवर्थ रु.	१०३.६१	मूल्य आम्दानी अनुपात	५२.८७
प्रतिशेयर कुल सम्पत्तिको मूल्य रु.	२७७.७७		

२) व्यवसायीक विश्लेषण:

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बधी विवरण:
यस आ.व २०८३/८४ को श्रावण-आश्विन अवधिसम्ममा गत आ.व. २०८२/८३ को सोही अवधिको तुलनामा विक्रय आम्दानीमा वृद्धि भएको छ। यस अवधिमा आम्दानी पूर्ववती वर्षको रु. १,८९,४८,३९५ बाट वृद्धि भई रु. २,०१,७५,९१५ पुगेको छ। यसरी विक्रय आम्दानीमा ६.४८ प्रतिशतले वृद्धि भएको छ।

ख) व्यवस्थापनको विश्लेषणात्मक विवरण:
कम्पनीद्वारा सञ्चालनमा रहेको अप्पर स्याङ्गे हाईड्रोपावर आयोजना-२४०० कि.वा. को समिक्षा अवधिमा सन्तोषजनक व्यावसायिक उत्पादन भईरहेको छ। यस कम्पनीको लगानी रहेको गोर्खास्थित दोभान खोला २४.५ मे.वा. जलविद्युत आयोजनाको Financial Closure भई भौतिक पूर्वाधारको निर्माण कार्यहरूसमेत सुरुवात भईसकेको छ। साथै, सम्पूर्ण शेयरधनीहरूको हितमा कार्य गर्दै कम्पनीको व्यवस्थापन उपयुक्त र आवश्यकता बमोजिम कम्पनीलाई अगाडी बढाउने प्रतिबद्धता रहेको छ।

३) कानुनी कारवाही सम्बन्धी विवरण:
क) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको।
ख) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध, फौजदारी अभियोग गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको।

४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण
क) यस संस्थाको शेयर मूल्य धितोपत्र बजारको नीति नियम अनुसार खुला बजारले निर्धारण गर्ने गरेको र सोही अनुसार नै कारोबार हुने गरेको छ।
ख) समीक्षा अवधिमा कम्पनीको शेयर धितोपत्रको कारोवार निम्न बमोजिम रहेको छ।

शेयर अधिकतम मूल्य रु.	५७७.००	शेयरको न्यूनतम मूल्य रु.	४८७.३०
अन्तिम मूल्य रु.	५०६.००	कारोबार भएको कुल दिन	६१.००
कारोबार संख्या	२३६८.००	कारोबार भएको शेयर संख्या	११४७७१

५) समस्या तथा चुनौती
कम्पनीद्वारा सञ्चालनमा रहेको आयोजनाको व्यावसायिक उत्पादन शुरु भईसके तापनि उत्पादनको क्रममा मौसमको अनुकुलता वा प्रतिकुलताले नदिको वहावमा आउन सक्ने उतार चढावले बिद्युत् उत्पादनको परिमाणमा असर पार्न सक्नेछ। यस आयोजनाद्वारा उत्पादित विद्युतलाई टारिकुना सब-स्टेसन (खुदीहव) निर्माण सम्पन्न नहुँदासम्म बर्षायाममा पूर्ण क्षमतामा विद्युत प्रशारण गर्न अस्थायी प्रवृद्दीको समस्या देखिएको छ। साथै, यस संस्था विद्युत उत्पादनका क्रममा आईपर्न सक्ने प्राविधिक तथा अन्य समस्याहरू समाधान गर्न निरन्तर रूपमा अग्रसर रहेको छ।

६) संस्थागत सुशासन
प्रचलित कानुन बमोजिम प्रकृया अवलम्बन गरि संस्थागत सुशासन कायम गरिएको छ।

७) सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्धोषण:
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्धोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरू सु-सूचित गर्न तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाईएका छैनन्।

युएइमा रोजगार

कम्पनी : ABU DHABI POLICE - GHQ

पूर्व स्वीकृति मिति : २०८३/०७/१८ LT. No. 349967 चलानी नं. ६०२६३०८६

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब AED	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Musician	25	0	6500	२,६७,८३६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २७ गते (13th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/– कामदारले तिर्ने	रु. १,५००/– कामदार आफैंले	१०,०००	रु.७००/– कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

मलेसियामा रोजगारको अवसर

कम्पनी : JITU JUARA RESOURCES SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०७/१८ LT. No. 349957 चलानी नं. ६०२६३११८

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब RM	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Security Guards	50	0	1700	६३,४६६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २७ गते (13th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/– कामदारले तिर्ने	रु. १,५००/– कामदार आफैंले	नि:शुल्क	रु.७००/– कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं.४९४/०६१/०६२

A.K. OVERSEAS (PVT.) LTD.
Nishal Marg, Lazimpat, Kathmandu, Nepal, Tel: 014000027,
9851085 705,977 984-1711205, 9851086618 Email: akoverseas494@gmail.com

साउदीमा रोजगार

कम्पनी : AL YASMEEN AL MUMYAZ TRADING EST

पूर्व स्वीकृति मिति : २०८३/०७/१९ LT. No. 350035 चलानी नं. ६०२६३१०९

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब SR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Confectioner	2	0	1200	४८,३४३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २७ गते (13th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/– कामदारले तिर्ने	रु. १,५००/– कामदार आफैंले	१०,०००/–	रु.७००/– कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Srijanshil Marg, Basundhara, Kathmandu, Nepal Tel: +977 1 4442794, 9808459733(Ishwor Sir), E-mail : alkausar.hrm@gmail.com

मलेसियामा रोजगार

कम्पनी : DUBUYO SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०७/१८ LT. No. 349917 चलानी नं. ६०२६३११०

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब RM	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Restaurant Crew	6	0	1700	६३,४६६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छैन	२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २७ गते (13th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९६/– कामदारले तिर्ने	रु. १,५००/– कामदार आफैंले	नि:शुल्क	रु.७००/– कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

ARCTIC OVERSEAS PVT. LTD. (Artic International Pvt Ltd.)
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376112
E-mail : arcticinternational09@gmail.com
Govt. License No. 1781/082/083

कतारमा रोजगार

कम्पनी : DOHA SPECIALIZED DENTAL AND DERMATOLOGY CENTER

पूर्व स्वीकृति मिति : २०८३/०७/१९ LT. No. 350040 चलानी नं. ६०२६३१०८

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलब QR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	All Cars Driver	3	0	1400	५८,११८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Cleaner Hospital	2	3	1100	४५,६६४							
3	Nurse	0	2	4300	१,७८,५०७							
4	Dental Nurses	0	5	4300	१,७८,५०७							
5	Dermatology Nurses	0	8	4300	१,७८,५०७							

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २७ गते (13th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/– कामदारले तिर्ने	रु. १,५००/– कामदार आफैंले	नि:शुल्क	रु.७००/– कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Fix Job Overseas Pvt. Ltd.
Govt.Lic. No. 1590/079/80
Sinamangal-9, Pingalasthan, Kathmandu, Nepal Tel : +977-1-5912965, 9841945941
E-mail : info@fixjoboverseas.com, fixjoboverseas@gmail.com, Website : www.fixjoboverseas.com

ऋद्धिसिद्धि प्लाइउड तथा भेनियर उद्योग स्थापना तथा सञ्चालनका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति: २०८३/०७/२०

मधेश प्रदेश, बारा जिल्ला, जितपुर सिमरा उपमहानगरपालिका वडा नं ९, छातापिप्रामा श्री एस. आर. एस. रोजिन एण्ड केमिकल्स इण्डस्ट्रिज, प्रा. लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावकको नाम र ठेगाना	एस.आर. एस. रोजिन एण्ड केमिकल्स इण्डस्ट्रिज, प्रा. लि., श्री ऋद्धिसिद्धि प्लाइउड, जीतपुर सिमरा उमहानगरपालिका वडा नं. ९, छातापिप्रा, बारा फोन नं. ९८५१०२२४०५ इमेल: ridhisidhiplywood551@gmail.com
प्रस्तावको व्यहोरा	माथि उल्लेखित प्रस्तावकद्वारा वार्षिक १ लाख ९९ हजार घनफिट काठ प्रयोग गरी श्री ऋद्धि सिद्धि ब्राण्डमा १ करोड ५० लाख वर्गफिट भेनियर तथा ६ लाख वर्गफिट प्लाइउड उत्पादन गर्ने उद्योग स्थापना तथा सञ्चालन गर्ने। बारा जिल्ला साविक छातापिप्रा गा.वि.स. वार्ड न १ नक्सा सीट न १ हाल जीतपुर सिमरा उपमहानगरपालिका वडा नं. ९, छातापिप्राको कित्ता न. ८०२, ८०० र २८ को ७४९१.१४ वर्ग मिटर क्षेत्रफलको जग्गामा।
प्रभाव पर्न सक्ने क्षेत्ररस्थानीय तह	बारा जिल्ला, जितपुर सिमरा उपमहानगरपालिका वडा नं. ९, छातापिप्रा तथा प्रस्तावित उद्योगको आसपासको क्षेत्र।

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययनका क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक प्रणालीमा के-कस्तो प्रभाव पर्दछ भनी एकिन गर्न उपमहानगरपालिका, सम्बन्धीत वडा तथा त्येस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

प्रस्तावकको नाम र ठेगाना	परामर्शदाताको नाम र ठेगाना
श्री एस.आर. एस. रोजिन एण्ड केमिकल्स, प्रा. लि., श्री ऋद्धिसिद्धि प्लाइउड, जीतपुर सिमरा उपमहानगरपालिका वडा नं. ९, छातापिप्रा, बारा सम्पर्क: अभिमन्यु प्रसाद गुप्ता फोन नं. ९८५१०२२४०५ इमेल: ridhisidhiplywood551@gmail.com	लुम्बिनी इन्भाइरोमेन्टल सर्भिसेज प्रा. लि., नयाँ बानेश्वर, काठमाडौं सम्पर्क: प्रकाश लम्साल फोन नं.: ९८५११२८७२०/०१४७९६२६४ इमेल: info@lens.com.np

प्रभाव दैनिक

शुक्रबार, २० कात्तिक २०८३ (Friday, 06 November 2026)

रूपशाला

'पाँच पाण्डव' आजदेखि हलमा

चलचित्र 'पाँच पाण्डव' पूर्वनिर्धारित मितिमै प्रदर्शन हुने भएको छ । चलचित्रको प्रदर्शन रोकिएको भन्ने खबरहरू आइरहेका बेला निर्माण टिमले पूर्वनिर्धारित मितिमै चलचित्र प्रदर्शन हुने स्पष्ट पारेको हो । 'हाम्रो चलचित्र 'पाँच पाण्डव' पूर्वनिर्धारित मिति अर्थात् कात्तिक २० गते (आज) देखि नै देशभरका सम्पूर्ण हलहरूमा यथावत् प्रदर्शन हुने जानकारी गराउन चाहन्छौं,' चलचित्र पाँच पाण्डवको निर्माण टिमले बिहीबार विज्ञप्ति जारी गर्दै भनेको छ । निर्माण टिमले सबै धर्मप्रति उच्च सम्मान रहेको र चलचित्र 'पाँच पाण्डव'ले कुनै पनि धर्म, धार्मिक आस्था वा धार्मिक स्थलप्रति चोट पुर्‍याउने, अपमान गर्ने वा अवहेलना गर्ने उद्देश्य नराखेको पनि प्रस्ट पारेको छ ।



'चिरञ्जीवी भवः'को गीत 'जाले रूमाल' सार्वजनिक

■ प्रभाव संवाददाता



काठमाडौं – चलचित्र 'चिरञ्जीवी भवः'को गीत सार्वजनिक भएको छ । निर्माण पक्षले 'जाले रुमाल' बोलको गीत बिहीबार ओएसआर डिजिटल च्यानलमार्फत सार्वजनिक गरेको हो ।

गीतमा शब्द दीपकप्रसाद आचार्यको छ । यसमा रचना रिमाल, रामचन्द्र काफ्ले र बाबुल गिरीको स्वर रहेको छ । संगीत बाबुल गिरीले दिएका छन् । लोकलयमा आधारित डान्सिङ नम्बरमा एक युवक र युवतीबीच दोहोरी प्रस्तुत गरिएको छ । रूपका कारण एकअर्काप्रति आकर्षित भएका युवक र युवतीले आफ्नो सौन्दर्यलाई मायाको सुरुवाती बिन्दु मानेका छन् ।

गीतमा प्रयोग भएका मौलिक शब्दले समग्र गीतलाई बलियो बनाएको छ । टिपिकल शब्दको छनोट र प्रयोग गरिएको गीतको हुकलाइनले यसलाई हिट हुने सम्भावना दिएको छ । सवाल-जवाफसमेत रहेको गीतको भिडियोमा विवाहको सेटअप छ । आशीर्वाद क्षेत्री र प्रशंसा रायमाझीको विवाहको सेटअपमा परिवारले गरेको रमाइलो गीतमा देखाइएको छ ।

गीतले चलचित्रका पात्रहरूको अन्तरसम्बन्ध उजागर गरेको छ । चलचित्रका पात्रहरूको पारिवारिक सम्बन्धलाई पनि खोलेको छ । यस क्रममा चलचित्रका अधिकांश पात्र भिडियोमा देखिन्छन् । गीतको अन्तिम दृश्यले थ्रिल दिने प्रयास गरेको छ । अचानक घट्ने घटनाले कुन रूप लिन्छ भन्ने कौतूहल गीत र यसको भिडियोले सिर्जना गरेको छ । भिडियोमा गम्भीर विष्टको कोरियोग्राफी छ ।

'चिरञ्जीवी भवः'मा हरिवंश आचार्य, आशीर्वाद क्षेत्री र प्रशंसा रायमाझी मुख्य भूमिकामा छन् । हरिवंश 'चिरञ्जीवी बाजे'को भूमिकामा देखिँदैछन् । चलचित्रमा अभिनेत्री करिश्मा मानन्धर, मिश्री थापा, कमलमणि नेपाल, अभय बराल, सुमन कार्की, सुवर्ण थापा, सरोज अर्याल, हरिस निरौला (कक्रोज), गीता अधिकारी, सुस्मिता कुँवरलगायत कलाकारको पनि अभिनय रहेको छ ।

ब्लकबस्टर निर्देशक दीपकप्रसाद आचार्य 'काकु'को निर्देशनमा बनेको चलचित्र 'चिरञ्जीवी भवः' माघ १ गतेदेखि प्रदर्शनमा आउँदैछ । जिग्री इन्टरटेनमेन्ट र प्रिमियर प्रोडक्सनको प्रस्तुतिमा निर्माण भइरहेको चलचित्र अहिले पोस्ट प्रोडक्सनमा छ ।

गत वर्ष निर्देशक आचार्यले निर्देशन गरेको चलचित्र 'परान' वर्षकै सबैभन्दा धेरै ग्रस कलेक्सन गर्ने नेपाली चलचित्र बनेको थियो । उनको निर्देशनमा बनेको यो दोस्रो चलचित्र कस्तो हुनेछ भन्ने प्रतीक्षामा दर्शक छन् । यस कारण पनि यो चलचित्र प्रतीक्षित बनेको छ । यो चलचित्रमा कुमार कट्टेल 'जिग्री ब्रो' पनि दीपकप्रसाद आचार्यसँगै छन् । कुमारको कथामा दीपकले चलचित्र निर्माण गरेका हुन् ।

कुमार कट्टेलले तयार पारेको कथाको लेखनमा भने सविन अधिकारी र वसन्त न्यौपाने रहेका छन् । सोसल ड्रामा 'चिरञ्जीवी भवः'ले दुई पुस्ताबीचको वैचारिक भिन्नता र सम्बन्धको कथालाई मुख्य विषयवस्तु बनाएको छ ।

उमेशकुमार बराल र चिरन केसी निर्माता रहेको चलचित्रमा गजित विष्ट र शैलेश खत्री कार्यकारी निर्माताका रूपमा रहेका छन् । निर्देशक दीपक आचार्य आफैंले यस चलचित्रको गीतसमेत लेखेका छन्, जसमा हर्क साउदको पनि सहकार्य रहनेछ । रञ्जित गजमेरको पनि चलचित्रमा गीत रहनेछ ।

चलचित्रमा शिवराम श्रेष्ठको छायाङ्कन र मित्र डी. गुरुङको सम्पादन छ । बाबु गिरी, सुशान्त गौतम, निरञ्जन थापा र समीर खरेलले संगीत दिएका छन् । गम्भीर विष्ट र किरण थापाले नृत्य निर्देशन गरेका छन् । रामबाबु खड्का प्रमुख सहायक निर्देशकका रूपमा रहेका छन् भने सहायक निर्देशकमा सागर बोहोरा, नेत्रबहादुर राउत र लक्ष्मी पौडेल छन् ।

चलचित्रमा प्रोजेक्ट म्यानेजरका रूपमा सुवास राज काफ्ले र प्रोडक्सन डिजाइनरका रूपमा विशाल न्यौपाने रहेका छन् । मेकअपमा विक्रम गौतम, स्टिल तथा बीटीएसमा सन्तोष क्षेत्री, प्रोडक्सनमा विष्णुप्रसाद मैनाली र अनिश लामिछाने तथा पब्लिसिटी डिजाइनमा टाउवा स्टुडियो (विजय बस्याल) रहेका छन् ।

यो चलचित्र माघ १ गते (१५ जनवरी)देखि देशभरका हलमा प्रदर्शनमा आउनेछ । यसलाई रोहित कट्टेल र रत्न श्रेष्ठको आरआर फिल्म्सले देशव्यापी वितरण गर्नेछ । डिजिटल पार्टनरमा ओएसआर डिजिटल रहेको छ ।

रंगशाला

एनपिएलमा लुम्बिनी र काठमाडौं विजयी

कर्णाली र सुदूरपश्चिम तथा चितवन र पोखरा भिड्दै

■ प्रभाव संवाददाता

काठमाडौं – राजधानीमा जारी नेपाल प्रिमियर (एनपिएल) का बिहीबारका खेलमा लुम्बिनी लायन्स र काठमाडौं गोर्खाज् विजयी भएका छन् ।

जनकपुर बोल्ट्सलाई १६ रनले पराजित गर्दै लुम्बिनीले प्रतियोगितामा अपराजित यात्रा कायम राखेको छ भने काठमाडौंले विराटनगर किङ्सलाई ९ विकेटले पराजित गरेको छ । शुक्रबार एनपिएलका दुई खेल हुनेछन् । पहिलो खेलमा कर्णाली याक्सले सुदूरपश्चिम रोयल्सको सामना गर्नेछ भने दोस्रो खेलमा चितवन राइनोज्ले पोखरा एभेन्जर्ससँग भिड्नेछ ।

विराटनगरविरुद्ध काठमाडौं विजयी

नेपाल प्रिमियर लिग (एनपिएल) सिजन ३ मा काठमाडौं गोर्खाजले विराटनगर किंग्सविरुद्ध ९ विकेटको सहज जित हासिल गरेको छ । बिहीबार कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा विराटनगरले दिएको ८४ रनको सामान्य लक्ष्य काठमाडौंले ९.४ ओभरमा एक विकेट गुमाउँदै पूरा गर्‍यो ।

काठमाडौंका लागि डेविड वार्नरले २४ बलमा दुई चौका र तीन छक्कासहित अविजित ४४ रन जोडे । त्यस्तै विलियम बोसिस्टोले २४ बलमा तीन चौकासहित २३ रन बनाए । यसैगरी अपराजित पौडेलको बलमा बोल्ड भएका ओपनर स्मित पटेलले १० रनको योगदान गरे ।

लुम्बिनीको अपराजित यात्रा जारी

जनकपुर बोल्ट्सको कमजोर ब्याटिङको फाइदा उठाउँदै लुम्बिनी लायन्सले एनपीएल मा अपराजित यात्रा कायम राखेको छ । बिहीबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा लुम्बिनीले दिएको १५० रनको लक्ष्य पछ्याएको जनकपुर २० ओभरमा ८ विकेट गुमाएर १३३ रनमा सीमित भएपछि लुम्बिनीले १६ रनको जित निकालेको हो । सामान्य लक्ष्य पछ्याउने क्रममा जनकपुरले सुरुवातदेखि नै विकेट गुमायो । एकपछि अर्को ब्याटर आउट हुँदा टोली ५६ रनमै ६ विकेट गुमाउने अवस्थामा पुगेको थियो । त्यसपछि कप्तान हरमीत सिंह र आदित्य महताले इनिङ्स सम्हाल्ने प्रयास गरे पनि टोलीलाई जिताउन सकेनन् । हरमीतले २० बलमा ३३ रन बनाए । आदित्यले २४ बलमा अविजित ३० रन बनाए । सैफ हसनले २८ र त्रितराज दासले १८ रन जोडे ।

जनकपुरको मध्यक्रम धराशायी बनाउन लुम्बिनीका डार्सी शर्टले महत्वपूर्ण भूमिका खेले। उनले ४ ओभरमा २३ रन खर्चेर ३ विकेट लिए। तिलक भण्डारी र शेर मल्लले समान २ तथा रुबेन ट्रम्पेलम्यानले १ विकेट लिए । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको लुम्बिनीले २० ओभरमा ८ विकेट गुमाएर १४९ रन बनाएको थियो। टोलीको सुरुवात भने राम्रो हुन सकेन। पहिलो बलमै डार्सी शर्ट आउट भएपछि लुम्बिनी दबाबमा परेको थियो ।

त्यसपछि आसिफ शेख र निरोशन डिकवेलाले इनिङ्स अघि बढाए। आसिफले २१ तथा डिकवेलाले २७ रन बनाए। कप्तान रोहित पौडेलले ३० बलमा ३ चौका र १ छक्कासहित ३४ रन जोड्दै टोलीलाई प्रतिस्पर्धात्मक योगफलसम्म पुऱ्याए । दिलीप नाथले १६ बलमा २५ रन बनाए। रुबेन ट्रम्पेलम्यानले ८ बलमा १५ रन जोडे। अन्तिम पाँच ओभरमा ५० रन जोडेको लुम्बिनीले यसक्रममा चार विकेट गुमाएको थियो । जनकपुरका विशाल सुशलिङ र राहुल यादवले समान २ विकेट लिए। हरमीत सिंह, ललित राजवंशी र अभिषेक तिवारीले समान १ विकेट हात पारे ।

यो जितसँगै लुम्बिनीले प्रतियोगितामा तीन जित र एक नतिजाविहीन खेलबाट ७ अंक जोडेको छ । यसअघि उसले सुदूरपश्चिम रोयल्सलाई ७ विकेट र पोखरा एभेन्जर्सलाई ८ विकेटले हराएको थियो । चितवन राइनोजसँगको खेल भने नतिजाविहीन भएको थियो । जनकपुरका लागि भने यो तेस्रो हार हो । यसअघि काठमाडौं गोर्खाजलाई ८ विकेट र पोखरा एभेन्जर्सलाई ९ रनले हराएको जनकपुर कर्णाली याक्ससँग १९ रन तथा विराटनगर किंग्ससँग २ रनले पराजित भएको थियो ।

रोनाल्डोले गरे सन्न्यासको घोषणा

काठमाडौं (प्रस)– क्रिस्टियानो रोनाल्डोले सामाजिक सञ्जालमा एक पोस्टमार्फत पोर्चुगलको राष्ट्रिय टोलीबाट सन्न्यास लिने आफ्नो मनसाय सार्वजनिक गरेका छन् ।

यससँगै फुटबल इतिहासकै सबैभन्दा शानदार अन्तर्राष्ट्रिय करियरमध्ये एकको अन्त्य भएको छ । रोनाल्डोको कप्तानीमा टोलीले युरो २०१६ मा आफ्नो पहिलो प्रमुख उपाधि जित्यो, साथै उनले सन् २०१९ र २०२५ को नेसन्स लिग जित्न पनि टोलीलाई मद्दत गरेका थिए ।

'यो निर्णय लिन सजिलो थिएन, किनकि कतिपय निर्णयहरू केवल दिमागले मात्र लिइँदैनन्, तिनमा हृदयको पनि भूमिका हुन्छ,' रोनाल्डोले भने, 'यदि मैले कहिल्यै तपाईंहरूलाई खुसी बनाएको छु भने, यदि मेरा कुनै गोलले तपाईंहरूलाई कसैलाई अँगालो हाल्न प्रेरित गरेको छ, कुनै चिन्ता भुलाउन मद्दत गरेको छ, वा हाम्रो देशप्रति गर्व गर्ने मौका दिएको छ भने, मेरा ती सबै प्रयास सार्थक भए ।'

Government of Nepal
Ministry of Infrastructure Development
Department of Roads
Postal Highway Directorate
Bishalnagar, Kathmandu

Notice of Intent to Award

Date of publication:2083/07/20 (6th November, 2026)

Pursuant to Clauses 27 (2), 27 (3) and 47 of Public Procurement Act 2063, this is to notify all the concerned bidders that, it is our intention to award the contract to the following bidders for the mention respective works as per Invitation for Bids No. 05/082/83 & 06/082/83 published on www.bolpatra.gov.np/egp. as it is hereby selected as substantially responsive evaluated bid closest to the average bid price.

SN	Contract Description	Name and Address of Bidders	Bid Amount (NRs. Including VAT and PS)
1	Upgrading and Widening of Kalyankot - Gobardiha Gadhwa - Rajpur - Gothuwa -Betani- Mankhola Road.(Chainage: 93+560 to 129+000 KM) HRP/337011284/082-83/UR-21	Kankai - Khadka JV, Baijanath-01, Banke	2,02,41,52,637.0
2	Upgrading and Widening of Gulariya- Rajapur Road Section , Bardiya District (Chainage: 21+000 to 41+000 KM) HRP/33701 1284/082-83/UR-23	Khadka Krishna Construction pvt. Ltd, Banke Jajarkot	1,98,77,87,572.0
3	Upgrading of Kalyankot-Gobardiha -Gadhwa-Rajpur-Gothuwa Road , Dang (Ch 69+840 to 93+560) HRP/337011284/082- 83/UR-27	Him Sagarmatha-Pashupati JV, Balaju, Kathmandu	1,51,41,02,527.0

Project Director

युएइमा रोजगार — कम्पनी : ENWANK CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०७/१८ | LT. No. 349990 | चलानी नं. ६०२६३०९६

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव AED	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Lady Ccleaners	0	9	1100	४५,३२७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २७ गते (13th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैले	नि:शुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pari Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

कतारमा रोजगार — कम्पनी : ABU ZAID CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१९ | LT. No. 334635 | चलानी नं.६०२४८०९५

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव QR	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Labour	4	0	1000	४१,५१३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Housekeeper	2	0	1000	४१,५१३							

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २७ गते (13th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९६/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैले	नि:शुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com

युएइमा रोजगार — कम्पनी : LATINEM FACILITIES MANAGEMENT LLC — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८३/०७/१९ | LT. No. 350034 | चलानी नं. ६०२६३०८८

